# दक्षिणकाली नगरपालिका वडा नं ९ मा

# पर्यटन प्रवर्द्धनको
# सम्भाव्यता अध्ययन
# प्रतिवेदन



सेन्टर फर रिसर्च इन टुरिजम
ज्ञानेश्वर, काठमाडौं

२०८० बैशाख

# दक्षिणकाली नगरपालिका वडा नं ९ मा

## पर्यटन प्रवर्द्धनको
## सम्भाव्यता अध्ययन
# प्रतिवेदन

CRT

सेन्टर फर रिसर्च इन टुरिजम
ज्ञानेश्वर, काठमाडौं

२०८० बैशाख

# भूमिका

प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्यको सम्भावनायुक्त देश हो । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरहरू सृजना गरी गरिवी न्यूनिकरण मात्र होइन, जनताको जीवनस्तरमा नै उल्लेख्य सुधार गर्न सकिने प्रशस्त आधारहरू यस देशमा छन् । पर्यटन नेपालको लागि अत्यन्तै उर्वर र संभावना भएको क्षेत्रभएपनि यस विषयले संघ र प्रदेशसरकारहरूबाट यथोचित प्राथमिकता पाएको देखिँदैन । पर्यटन सम्वन्धमा केही सोच,लक्ष्य,रणनीति र कार्यनीतिहरू तयार भएका भएका त छन् तर पनि ती प्रभावकारी ढंगबाट  कार्यान्यनको चरणमा आउन सकेका छैनन् ।

नेपालमा संघीय शासन प्रणाली लागु भएपछि पर्यटनलाई देशका धेरै गाउँपालिका र नगरपालिकाहरूले आफ्नो प्रतिष्ठाका लागि आकर्षक नाराको रुपमा लिएका छन् । स्थानीय सरकारका नीति र कार्यक्रममा पर्यटनको विकासबारेमा प्रतिवद्धताहरू जाहेर गरिएका पनि हुन्छन् । तर ती न त पर्यटन क्षेत्रको विकासका लागि कुनै स्पष्ट दीर्घकालीन योजना अन्तर्गत आएका हुन्छन्  न त तिनको कार्यान्वयनका लागि आवश्यक बजेट छुट्याउने कार्यमा गम्भीरता देखिन्छ । सतही प्रकारका यस्ता कार्यबाट कुनै स्पष्ट सोचसम्म त आउन सक्दैन भने पर्यटनको विकास सम्भव हुने कुरै भएन । परिणामस्वरुप, एकातिर स्थानीय स्तरमा युगौंअघिदेखि चलिआएका रीतिथिति, कलासंस्कृति, संस्कार लोप भएर भविष्यको पिढीले देख्नै नपाउने अवस्था आउने हुन्छ, प्राकृतिक स्रोतसम्पदाको निर्मम दोहनबाट बाढी–पहिरोलगायत अनेकौं बिपत्ति आउने जस्ता समस्या आइलाग्छन् भने अर्कातिर अथाह सम्भावनायुक्त पर्यटन क्षेत्रबाट स्थानीय जनताले कुनै आर्थिक लाभ लिन नसक्ने अवस्था सिर्जना हुन्छ । अतः पर्यटन क्षेत्रको विकास केबल लहडमा र अरुको अन्धानुकरणमा मात्र गरिने विषय होइन भन्ने चेत र चिन्तन बिभिन्न तहका नीतिनिर्माताहरू र सम्पूर्ण सरोकारवालाहरूमा आउनु अब आवश्यक भइसकेको छ।बेलैमा चेतना आयो भने मात्र अमूल्य सांस्कृतिक सम्पदा मासिन पाउँदैनन्, प्राकृतिक सुन्दरता लोप हुन पाउँदैन र आर्थिक सामाजिक विकासका अपूर्व अवसरहरू गुम्न पाउँदैनन् । यही चेतना नेपालका सबै तहका सरोकारवालाहरूमा जगाउने पवित्र उद्देश्य लिई सेन्टर फर रिसर्च इन टुरिजम (सिआरटी)को स्थापना गरिएको हो ।

यसै सन्दर्भमा काठमाडौ उपत्यकाका अन्य कैयौं नगरपालिकाले जस्तै दक्षिणकाली नगरपालिकाले ‘समृद्ध  पर्यटकीय दक्षिणकाली नगर, कृषि, उद्यमी, साँस्कृतिक शहर’ नामक मौलिक नारा लिएर पर्यटनको विकासका लागि प्रतिबद्धता देखाएको छ । पर्यटन क्षेत्रको दीर्घकालीन र योजनाबद्ध विकासका लागि यस नगरपालिकाले पर्यटन विकास गुरुयोजना तयार गर्ने कुरालाई विगत केही वर्षअघिदेखि आफ्ना वार्षिक कार्यक्रमहरूमा राख्तैआएको पनि छ । तथापि हालसम्म सो गुरुयोजना तयार गर्ने कार्यले मूर्तरुप लिन सकेको देखिएको छैन ।

यस्तो पृष्ठभूमिबीच दक्षिणकाली नगरपालिकाको वडा नं ९ को कार्यालयले आफ्नो क्षेत्रभित्र पर्यटन प्रवर्द्धनको संभाव्यता अध्ययन गराउने जुन प्रयास गऱ्यो यसलाई परिवर्तनप्रतिको एउटा राम्रो पहलका रूपमा लिनु पर्ने हुन्छ । साना कामबाट नै ठूलो परिवर्तनको जग तयार हुन्छ । पर्यटन क्षेत्रको विकासका लागि सिङ्गो नगरपालिकाकै लागि यो अनुकरणीय कार्य हो । तथापि, ऐतिहासिक कालका बाइसे-चौबीसे राज्यहरूको अवधारणा जस्तै वडा-वडाले आआफ्ना क्षेत्रभित्र पर्यटनको विकासको सम्भाव्यता खोज्नुभन्दा समग्र नगरपालिकाले आफ्नो क्षेत्रको आर्थिक समृद्धिका लागि सर्वप्रथम दीर्घकालीन सोचसहितको गुरुयोजना बनाई तदनुरूपका कार्यक्रम क्रमशः ल्याएमा विकासले चाँडै गति लिन्छ भन्ने हाम्रो धारणा छ ।

सिआरटीको गहिरो विषयगत अनुभव र अन्तर्राष्ट्रिय स्तरको कार्यक्षमतालाई विश्वास गरी यो गहन र समसामयिक विषयको संभाव्यता अध्ययन गर्ने जिम्मेवारी  सुम्पिएकोमा दक्षिणकाली नगरपालिका वडा नं ९ का वडाध्यक्ष श्री अमृका बलामीज्यूप्रति आभार व्यक्त गर्दैछौं । साथै, अध्ययनका क्रममा नगर प्रमुख श्री मोहन बस्नेतज्यू, नगर उपप्रमुख श्री बसन्ती डंगोल तामाङज्यू, प्रमुख कार्यकारी अधिकृत श्री भोलाप्रसाद चापागाईज्यू, योजना तथा प्रशासन शाखाप्रमुख श्री दिपककुमार केसीज्यू र वडा नं ९ का सदस्य श्री राजु अधिकारीज्यूबाट अनेकौं जानकारी, सल्लाह र सुझावहरू प्राप्त गऱ्यौं । उहाँहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यसका अतिरिक्त नगरकार्यपालिकाका शाखाप्रमुखज्यूहरूलगायत कर्मचारी मित्रहरू, वडासदस्यहरू, स्थानीय पर्यटनविद्हरू, पर्यटनसंग सम्बद्ध संघसंस्था, स्थानीय बैंकहरू, अतिथि सत्कार व्यवसायमा आवद्ध उद्यमीहरूबाट समेत उल्लेखनीय जानकारीहरू पायौं । उहाँहरू सबैजना धन्यवादका पात्र हुनुहुन्छ ।

नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरू र अन्य पदाधिकारीहरूले आफ्नो अति व्यस्तताका बीच पनि अध्ययन प्रतिवेदनलाई अन्तिम रूप दिने सिलसिलामा हालै आयोजित अन्तर्क्रिया कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउनु भयो । यसलाई आफ्नो

नगरको विकासप्रति उहाँहरूको हृदयदेखिको प्रेमका रूपमा हामीले लिएका छौं । अन्तर्क्रिया कार्यक्रमका सहभागीहरूबाट प्राप्त विचारहरू र अमूल्य सुझावहरूलाई समेत हामीले यस प्रतिवेदनमा यथोचित स्थान दिएका छौं ।

दक्षिणकाली नगरपालिकाले नमुनाका रुपमा स्थानीय वडा नं ९ मा शुरु गराएको पर्यटन प्रवर्द्धन विषयको सम्भाव्यता अध्ययन कार्य समसामयिक र स्थानीय जनताका लागि निकै लाभप्रद छ । यसबाट प्राप्त भएको ठोस निष्कर्ष र सुझावहरूको कार्यान्वयनले स्थानीय स्तरको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष र दीर्घकालीन प्रभाव अवश्य पार्ने छन् । अतः प्रस्तुत गरिएका सुझावहरूको सफल कार्यान्वयनबाट नै दक्षिणकालीमा पर्यटन उद्योगको प्रवर्द्धन भई स्थानीयवासीहरूले धार्मिक–सांस्कृतिक पर्यटनका अनेकौं अवसरहरूबाट लाभ लिन पाउने हुँदा प्रतिवेदनको कार्यान्वयनले उच्च प्राथमिकता पाउने दृढ विश्वास यस संस्थाले लिएको छ ।

अन्त्यमा, दक्षिणकालीको नगरको दीगो विकास र दक्षिणकालीवासीको समृद्धिको कामना गर्दछौं ।

२०८० बैशाख

**सेन्टर फर रिसर्च इन टुरिजम् (सिआरटी)**

**ज्ञानेश्वर, काठमाडौं**

# अध्ययन समूह

| | |
|---|---|
| चन्द्रप्रसाद भट्टराई, विकास अर्थशास्त्री तथा योजनाविद् | अध्ययन समूह प्रमुख |
| मोहन चापागाईं, स्थानीय विकासविद् | सदस्य |
| निर्मला ढुंगाना, इतिहास, संस्कृति तथा पुरातत्वविद् | सदस्य |

# विषयसूची


**१.परिचय** **१**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनको आवश्यकता १

१.३ संभाव्यता अध्ययनको उद्देश्य २

१.४ अध्ययनको विधि ३

१.५ अध्ययनको अवधि ४

**२. अध्ययन क्षेत्रको संक्षिप्त परिचय** **५**

**२.१** दक्षिणकाली नगरपालिकाको संक्षिप्त परिचय ५

**२.२** वडा नं ९ को संक्षिप्त परिचय ५

**३. नेपालमा पर्यटन उद्योगको अवस्था** **८**

३.१ शुरुवात ८

३.२ वर्तमान स्थिति ८

३.३ भविष्यका संभावना ९

**४. दक्षिणकाली नगरपालिकामा पर्यटनको अवस्था** **१३**

४.१ दक्षिणकाली नगरपालिकाका धार्मिक,सांस्कृतिक, प्राकृतिक सम्पदा १३

४.२ दक्षिणकालीका होटेल, लज, रेस्टुरेन्टको विवरण १४

४.३ शीपयुक्त जनशक्तिको उपलब्धता १५

४.४ पर्यटन उद्योगमा लगानी १६

**५. वडामा पर्यटनको वर्तमान अवस्था** **१७**

५.१ वडा नं ९ का प्रमुख प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदा १७

५.२ वडामा भौतिक पूर्वाधारको अवस्था २०

५.३ वडामा भएका रिसोर्ट, होटेल र होमस्टे २१

५.४ पर्यटन प्रवर्द्धनका लागि मौजुदा अवस्थाको विश्लेषण २३

**६. वडामा पर्यटन प्रवर्द्धनका सम्भाव्य क्षेत्रहरू** **२७**

६.१ सम्भाव्य क्षेत्रहरू २७

६.२ आन्तरिक पर्यटन २९

६.३ धार्मिक-सांस्कृतिक पर्यटन ३०

६.४ साहसिक पर्यटन ३१

६.५ ग्रामीण पर्यटन ३२

**७. निष्कर्ष र सुझावहरू** **३४**

७.१ निष्कर्ष ३४

७.२ सुझावहरू ३५

अनुसूची १: अध्ययनका क्रममा सम्पर्क गरिएका महानुभावहरू ४७

अनुसूची २: मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमका सहभागीहरू ४९

अनुसूची ३: बिगत २५ वर्षमा नेपाल आएका विदेशी पर्यटकहरूको वार्षिक संख्या ५१

सन्दर्भ सामग्रीहरू ५३

# १. परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको दक्षिणी भागमा पर्ने दक्षिणकाली नगरपालिका क्षेत्र अनेकौं ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, पौराणिक, प्राकृतिक र वातावरणीय सम्पदाहरूले  भरिएको क्षेत्र हो ।

यो नगरपालिका संघीय राजधानीबाट लगभग १८ किलोमीटर मात्र टाढा रहेको र प्रदेशको राजधानी रहेको जिल्ला मकवानपुरसँग पनि जोडिएको छ । यस नगरपालिका क्षेत्रमा सडक यातायातको राम्रो सुविधा छ । त्यस्तै, बिजुली, खानेपानी, संचारको पनि सुविधा छ । यी महत्वपूर्ण सम्पदा र पूर्वाधार भएर पनि यस क्षेत्रमा पर्यटन उद्योगले खासै गति लिन नसकेका कारणलेपर्यटन व्यवसायमा वाञ्छित रोजगारी सिर्जना हुन सकेको छैन । त्यस्तै, स्थानीय स्तरमा उत्पादित कृषि, पशुपालन, तरकारी, फलफूल, माछामासुलगायतका वस्तुहरू पर्यटन व्यवसायसँग प्रभावकारी ढंगबाट जोडिन सकेको अवस्था छैन ।

## १.२ वडामा पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनको आवश्यकता

दक्षिणकाली नगरपालिका क्षेत्र यति धेरै वैभवलेसम्पन्न भई धार्मिक–सांस्कृतिक र साहसिक पर्यटन विकासका लागि एउटा राम्रो गन्तव्य हुन सक्ने स्थल भएर पनि यहाँ पर्यटन उद्योगको प्रवर्द्धनराम्रो गरी हुन सकेको छैन । फलस्वरुप, यस उद्योगका माध्यमबाट आम जनताको आयस्तर खासै बढ्न सकेको छैन ।

पर्यटन क्षेत्रको विकासका लागि दक्षिणकाली नगर कार्यपालिकाको कार्यालयको अभिरुचि भने केही देखिन्छ । संघीयताको अवधारणासहितको नयाँ संबिधान लागु भएपश्चात २०७४ सालमा सम्पन्न स्थानीय सरकारको निर्वाचनबाट बनेको दक्षिणकाली नगरकार्यपालिकाले 'समृद्ध पर्यटकीय दक्षिणकाली नगर; कृषि, उद्यमी र सांस्कृतिक शहर' को उत्साहजनक नारा लिएर नगरको विकासका आधारशीलामध्ये पर्यटन क्षेत्रलाई पनि प्रमुख रुपमा लिएको छ ।  त्यसै अनुसार बिगत ३–४ वर्षदेखि वार्षिक नगर विकास योजना, नीति तथा कार्यक्रममा पर्यटन विकासको गुरुयोजना तयार गर्ने कार्यक्रम राख्ने गरेको पाइएको पनि छ । तर पर्यटन क्षेत्रको योजनाबद्ध विकासलाई यसरी प्रत्येक वर्ष

प्राथमिकतामा राखेर पनि हालसम्म तत्सम्बन्धी गुरुयोजना तयार गर्ने कार्यले मूर्तरुप लिन नसक्दा पर्यटन उद्योगको योजनाबद्ध विकास हुन सकेको छैन ।

यस पृष्ठभूमिमा नगरपालिकाका नौ वटा वडामध्ये हाल एउटा वडा (वडा नं ९) मा पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययन गराउने कार्यक्रमलाई महत्वसाथ स्वीकृत गरी नगरपालिकाबाट बजेटको व्यवस्था गरिएको हुँदा नेपालमा विशुद्ध पर्यटन क्षेत्रको अध्ययन-अनुसन्धानमा कार्यरत विशिष्टिकृत संस्था सेन्टर फर रिसर्च इन टुरिजम (सिआरटी) बाट यो अध्ययन कार्य सम्पन्न गरिएको हो ।

## १.३ संभाव्यता अध्ययनको उद्देश्य

प्रस्तुत पर्यटन प्रवर्द्धन संभाव्यता अध्ययनको दीर्घकालीन उद्देश्य दक्षिणकाली नगरपालिका वडा नं ९ भित्र रहेका पर्यटकीय महत्वका सम्पूर्ण स्रोतसाधनहरूको सही आँकलन गरी स्थानीय स्तरमा जनताको दीगो आयआर्जन बृद्धिमा तिनको सदुपयोग गर्नु हो । उक्त दीर्घकालीन उद्देश्य प्राप्त गर्न प्रस्तुत अध्ययनले निम्नलिखित तात्कालिक उद्देश्यहरू लिएको छः:

क) बिगतमा पहिचान भएका वडा क्षेत्रभित्रका पर्यटन प्रवर्द्धनसँग सम्बन्धित सम्पूर्ण भौतिक–अभौतिक स्रोतसाधन र सम्पदाहरूको बिबरण अद्यावधिक गर्ने ।

ख) उपरोक्त सम्पदाहरूका अतिरिक्त पर्यटनको बिकाससँग सम्बन्धित अन्य केही नयाँ अवसरहरू देखिएमा तिनको पहिचान गरेर अभिलेखिकरण गर्ने ।

ग) समुदायमा पर्यटनबाट हुनसक्ने लाभ बढाउनका लागि स्थानीय स्तरमा उपलब्ध भौतिक पूर्वाधारहरूको यथेष्टताको आंकलन गर्ने ।

घ) पर्यटनको अभिबृद्धिका लागि समुदाय स्तरमा उपलब्ध जनशक्ति तथा होटेल रेष्टुरेन्ट लगायतका सेवासुबिधाको परिमाण तथा गुणस्तरको यकीन गर्ने ।

ङ) पर्यटन व्यवसायबाट स्थानीय पर्यटन उद्यमीहरूले हाल प्राप्त गर्न सकिरहेको लाभको परिमाण, गुणस्तर र दीगोपनाको पहिचान गर्ने ।

च) दिगो तथा उत्तरदायी पर्यटन विकासका लागि जनताको क्षमता अभिवृद्धि गर्न अवलम्बन गरिनु पर्ने उपायहरूको पहिचान गर्ने ।

छ) समुदायमा आधारित उद्यम विकासका माध्यमबाट गैर पर्यटन क्षेत्रमा कार्यरत स्थानीय समुदायका घरपरिवारहरूलाई पर्यटनमा रोजगारीका अवसरहरू बढाउन प्रभावकारी प्रणालीको खोजी गर्ने ।

ज) वडाको पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता र आर्थिक लाभका लागि स्थानीय पर्यटन व्यवसायीहरूलाई उत्प्रेरित गर्ने उपायहरूको खोजी गर्ने ।

झ) रोजगारीको सिर्जना, वस्तु उत्पादन तथा व्यापार, सेवा खरिद आदिका माध्यमबाट पर्यटनमा स्थानीय समुदायको सहभागिता बढाउने अवसरहरूको सम्भाव्यता पहिचान गर्ने ।

ञ) वडाभित्रका धार्मिक, सांस्कृतिक, पुरातात्विक र प्राकृतिकसम्पदा संरक्षण र तिनका माध्यमबाट स्थानीय पर्यटन प्रवर्द्धनका लागि दक्षिणकाली नगरपालिका कार्यालय, स्थानीय सरोकारवाला वर्ग र निजी क्षेत्रले आआफ्ना तर्फबाट र साझेदारीमा गर्न सकिने कामहरू पहिचान गर्ने ।

ट)समुदायमा रोजगारीका अवसरहरू बढाउन नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान आदिबाट स्थानीय स्तरमा पर्यटन विकासका लागि प्रदान गर्न सकिने तालीम र अन्य प्राबिधिक सहयोग आदिको पहिचान गर्ने ।

ठ) पर्यटन उद्यममा सरोकारवालामाझ चासो र चिन्तन बढाएर ब्यापक सामुदायिक सहभागिता अभिवृद्धिका उपायहरू पहिचान गर्ने । यस कार्यमा स्थानीय गैर सरकारी संस्थाहरू, निजीक्षेत्रका सङ्घ-सङ्गठनहरू तथा पर्यटन प्रवर्द्धनमा कार्यरत स्थानीय स्तरमाकुनै समिति भए तिनीहरूलाई संलग्न गराउने ढाँचा विकास गर्ने ।

ड) समुदाय स्तरमा आयोजन गर्न सकिने पर्यटनसम्बन्धी जनचेतना अभिवृद्धिका व्यावहारिक कार्यक्रमहरूको पहिचान गर्ने ।

## १.४ अध्ययनको विधि

प्रस्तुत पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनका क्रममा निम्नलिखित विधिहरूको प्रयोग गरिएको छः:-

क) उपलब्ध स्रोतसामग्री, पुस्तकपुस्तिका, प्रतिवेदनआदिको बिस्तृतअध्ययन गरी दक्षिणकाली नगरपालिकाभित्रका सम्पूर्ण पर्यटकीय क्षेत्रहरूबारे प्रारम्भिक जानकारी प्राप्त गरिएको ।

ख) नगरपालिका वडा नं ९ का अध्यक्षलगायत वडाका जनप्रतिनिधिहरू र कर्मचारीहरूका जानकारीमा रहेका पर्यटकीय महत्वका स्थानीय धार्मिक, ऐतिहासिक स्थलहरू, कला-संस्कृति–परम्परालगायत विविध संभावनाहरूबारे तथ्यहरू, सूचनाहरू

संकलन गरी पर्यटकीय सम्भावनाहरू, समस्याहरू एवं चुनौतीहरूका विषयमा यथार्थ जानकारी प्राप्त गरिएको ।

ग) वडा नं ९ का महत्वपूर्ण स्थलहरूको भ्रमण गरी सरोकारवालाहरूसंग अध्ययनसँग सम्बन्धित विविध पक्षहरूबारे गम्भीरतापूर्वक छलफल गरिएको । पर्यटन सम्बन्धी संघीय सरकारी निकायका केही पदाधिकारी तथा व्यवसायमा संलग्न नगरका अन्य वडाका पनि केही जानकार व्यक्तिहरू(Key informants) सँग अन्तरवार्ता लिइएको । यस क्रममा सम्पर्क गरिएका सम्पूर्ण महानुभावहरूको नामावली अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

घ) अध्ययन प्रतिवेदनको मस्यौदा २०७९ फागुनमा दक्षिणकाली नगरपालिका कार्यालय तथा ९ नं वडा कार्यालयमा प्रतिक्रिया र सल्लाहसुझावका लागि पेश गरिएको थियो । त्यस्तै, २०७९ चैत्रमा नगरपालिकाको सभाकक्षमा आयोजित कार्यक्रममा सो मस्यौदाको प्रस्तुतीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा नगरप्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, शाखाप्रमुखज्यूहरू लगायत कार्यालयका अधिकृतज्यूहरू तथा अन्य सहभागीहरूबाट प्राप्त प्रतिक्रिया र सुझावहरूलाई समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । कार्यक्रमका सहभागीहरूको नामावली अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## १.५ अध्ययनको अवधि

प्रस्तुत अध्ययन २०७९ माघको पहिलो हप्तादेखि शुरु गरिएको हो । २०८० बैशाखमा अन्तिम प्रतिवेदन बुझाउने कार्य सम्पन्न गरिएको छ ।

# २. अध्ययन क्षेत्रको संक्षिप्त परिचय

## २.१ दक्षिणकाली नगरपालिकाको संक्षिप्त परिचय

दक्षिणकाली नगरपालिका काठमाडौं उपत्यकाका १८ वटा नगरपालिकामध्ये र काठमाडौं जिल्लाका ११ वटा नगरपालिकामध्येको एक हो । जिल्लाको दक्षिणी भागमा रहेको यस नगरपालिकाको नामाकरण प्रसिद्ध र साक्षात् शक्तिपीठ एवं नेपालकै प्रख्यात दक्षिणकाली देवीको नामबाट गरिएको हो । साविकका चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कु डुडेचौर र छैमले लगायत ६ वटा गा.वि.स.हरूलाई सम्मिलन गराई नेपाल सरकारको मिति २०७१।०८।१६ को निर्णयानुसार यस भूक्षेत्रलाई दक्षिणकाली नगरपालिका घोषणा गरिएको हो । यस नगरपालिकाले ४२.६८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । विसं २०७८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिकाको कूल जनसंख्या २६,७४४ रहेको छ । नगरपालिका क्षेत्रमा ६,९२५ घरधुरी रहेका छन् । देशकै राजधानी काठमाडौंबाट करिव १८ कि.मि.को दूरीमा रहेको यस नगरपालिकामा ऐतिहासिक शक्तिपीठ, प्रशस्त हिन्दू तथा बौद्धिक धार्मिकस्थलहरू र गुम्बाहरू रहेका छन् । यो एउटा प्राचीन स्थान हुनुका साथै नेपालको पहिलो फर्पिङ जलविद्युत आयोजना पनि यस दक्षिणकाली नगरपालिकामै रहेकोले यसको ऐतिहासिकता पनि छ ।

## २.२ वडा नं ९ को संक्षिप्त परिचय

साबिकको टल्कु डुंडेचौर गाबिसका सम्पूर्ण वडाहरू मिलाई हाल दक्षिणकाली नगरपालिकाको वडा नं ९ कायम गरिएको हो ।यो वडा नगरपालिकाको पश्चिमी भागमा अवस्थित छ । यस वडाको पूर्वमा वडा नं ५, ६ र ८ पर्दछन् भने पश्चिममा मकवानपुर जिल्लाको ईन्द्रसरोबर गाउँपालिका पर्दछ । वडाको उत्तरमा चन्द्रागिरी नगरपालिका र दक्षिणमा दक्षिणकाली नगरपालिकाकै वडा नं ८ रहेका छन् ।

बिगतमा साबिकटल्कु डुंडेचौर गाबिसका बिभिन्न नौ वटा वडामा रही हाल नगरपालिकाको सिङ्गो ९ नं वडामा संगठित भएका गाउँ/टोलहरू र त्यहाँ हाल बसोबास गर्ने परिवार संख्याबारेको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : हाल वडा नं ९ (साबिकको टल्कु डुँडेचौर गाबिस) का गाउँ र टोलहरूको विवरण**

| साबिक गाबिस वडा नं | गाउँ/ टोल/बस्ती | हालको परिवार संख्या |
|---|---|---|
| १ | टल्कु | ७८ |
| २ | गैरा, सानोचुली | ३४ |
| ३ | डाँडीखेल, खोलाघर,वोसिन्डोल | ७१ |
| ४ | भाकल, नपु, मिडोल | ६५ |
| ५ | हुँडु | ८१ |
| ६ | सुण्डोल, हुँडु, दाउरेचौर | १०१ |
| ७ | डुँडेचौर, अल्छिढुंगा, खार्पा | १०४ |
| ८ | डढुवन, लामागाउँ | १२४ |
| ९ | सानीमहल, हिटीडोल, डाँडीखेल, हुमाने | ८२ |
| | **जम्मा** | **७४०** |

(स्रोतः वडा नं ९ को कार्यालय, दक्षिणकाली नगरपालिका)

यस वडामा विभिन्न जातजाति र धार्मिक आस्था भएका जनताको बसोबास छ । वडाका प्रमुख जातजातिमा तामाङ, बलामी, छेत्रीबाहुन, गुरुङ र मगरहरू पर्दछन् । भाषा,संस्कृति,चाडपर्व,मेला र प्राचीन परम्पराहरूले वडालाई विविध रंगका फूलहरूको माला जस्तै आकर्षक र विविधतापूर्ण बनाएका छन् ।वडामा विशेषतः हिन्दू र बौद्ध धर्मालम्बीहरूको बसोबास रहेकाले ती धर्मसँग सम्बन्धित विभिन्न परम्परागत चालचलन,रीतिरिवाज र चाडपर्वहरू मान्ने गरिन्छ । विशेषतः दशैं,तिहार,माघे संक्रान्ति,फागुपूर्णिमा र ल्होसार लगायतका चाडपर्वहरू मनाइन्छन्। २०७८ सालको जनगणना अनुसार यस वडाको कुल जनसंख्या २,९३० छ जसमध्ये महिला १,५१६ र पुरुष १,४१४ छन् ।

यस वडाबासीहरूमा राष्ट्रभाषा नेपाली मातृभाषा हुनेहरूको संख्या सबैभन्दा बढी छ । त्यसपछि नेवारी र तामाङ मातृभाषीहरू पर्दछन् । वडामा केही संख्यामा गुरुङ र मगर समुदायको बसोबास भए पनि ती परिवारमा नेपाली नै मातृभाषा रहेको छ ।

यो वडा प्राकृतिक सुन्दरताले भरिएको छ । शिरमा बाणासुर डाँडा छ । हातीवन, प्राचीन दक्षिणकाली, चम्पादेवी,भस्मासुर,डाँडीखेल,हुमाने भञ्ज्याङ र चौकोटदेवी लगायतका रमणीय, अग्ला र हरितडाँडाहरूले यस वडालाई शोभायमान बनाएका छन् । बिभिन्न देवदेवीका मन्दिरहरूले वडावासीहरूको धार्मिक भाव र सहिष्णुतालाई प्रवल बनाउन ठूलो सघाउ पुऱ्याएको देखिन्छ ।

पानीको स्रोत कम भएकाले सिचाईको पर्याप्त मात्रामा सुविधा पुऱ्याउन सकिएको छैन । समशीतोष्ण हावापानी भएकाले मौसम अनुसारका तरकारी र फलफूलहरू उत्पादनहुन्छन् । वडाका खार्पा, टल्कु, लामागाउँ, हुँडु, हुमाने र डाँडीखेल गाउँहरूमा काउली, बन्दा, गोलभेंडालगायतका हिउँदे तथा काँक्रो, फर्सी, सिमीलगायतका बर्खे तरकारीहरू उत्पादन हुन्छन् । यहाँ उत्पादन हुने प्रमुख फलफूलहरूमा नास्पाती, आरु, आरुचा, लप्सी र सुन्तला हुन् ।
वडामा रहेका सामुदायिक विद्यालयहरूमध्ये ३ वटा आधारभूत तहका (ईन्द्रायणी, कालिदेवी र दक्षिण महाँकाल) तथा एउटा माध्यमिक तहको (सेतिदेवी) छन् । वडाभित्रका अन्य संस्थागत विद्यालयमा डल्फिन म्याजिक स्कूल र यिङ्मा पल्युल उर्गेन दोर्जे छोलिङ माध्यमिक विद्यालय हुन् । उच्च माध्यमिक तहको अध्ययनका लागि नगरकै अन्य वडामा जानुपर्ने अवस्था छ । युवावर्गमा स्नातक र स्नातकोत्तर तहको शिक्षा हासिल गर्ने क्रम पनि वृद्धि हुँदै गएको छ । शिक्षा प्रदान गर्नमा छोरा र छोरीबीच कुनै प्रकारको भेदभाव छैन, परिवारको सहयोग पाउँदा ज्ञान प्राप्तिका लागि दुवै समान रुपमा अघि बढेका छन् ।

रोजगारीको स्थितिलाई हेर्दा वडाको अत्यधिक जनसंख्या अर्थात करिव ४०० परिवारले परम्परागत कृषि पेशालाई नै आफ्नो मुख्य आम्दानीको स्रोतका रुपमा अंगिकार गरेको पाइन्छ । त्यसपछि व्यापार व्यवसायको पेशा करिव १०० जनाले अँगालेका छन् । वैदेशिक रोजगारमा जाने करिव १५० जना र जागिरे ५० जना छन् । सडक पहुँचको अवस्था हेर्दा बल्खु-फर्पिङ-हुमाने-फाखेल-कुलेखानी हुँदै हेटौंडा जाने मूलसडकको यस नगरपालिका खण्डमा पर्ने ९.६ किलोमिटरमध्ये ८.६ कि.मि भाग यही एउटै वडामा पर्दछ । यस वडाका सबै बस्तीमा भित्री सडकहरू पुगेका छन् ।

# ३. नेपालमा पर्यटन उद्योगको अवस्था

## ३.१ शुरुवात

राणाशासनकालमा नेपाल एउटा नियन्त्रित राष्ट्रका रूपमा थियो । विदेशीहरूको भ्रमण सहज थिएन, काम विशेषमा सरकारको स्वीकृति लिई फाट्टफुट्ट रूपमा आउँथे । विदेशी पर्यटकहरूको आगमन मुख्यतः २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि शुरु भएको हो । त्यसका साथसाथै पर्यटन नेपालमा एउटा व्यवसायका रूपमा स्थापित हुन थालेको हो । सन् १९५८ मा २,०५६ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेको आधिकारिक तथ्यांक सरकारले पहिलो पटक तेस्रो योजनामा उल्लेख गरेको थियो । त्यस्तै, सन् १९६२ मा ६,१७९जना विदेशी पर्यटक आएको तथ्यांक पर्यटन मन्त्रालयले प्रकाशित गरेको छ । सन् १९६४ मा ९,५२६ जना आएका थिए । सोही वर्षदेखिको भने वायुमार्ग र स्थलमार्गबाट आएका विदेशी पर्यटकहरूको छुट्टाछुट्टै संख्या देखिने गरी वार्षिक विवरण पर्यटन मन्त्रालयले नियमित रूपमा प्रकाशित गर्दैआएको छ ।

प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा साहसिक पर्यटनका दृष्टिबाट नेपालले अघिदेखि नै विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य देशका रूपमा स्थापित हुने क्षमता राख्तैआएको छ । अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान उल्लेखनीय रुपबाट बढ्न सक्ने अवस्था रहे तापनि उपयुक्त योजना तर्जुमा, कार्यान्वयन, लगानी, प्रचारप्रसार र यथेष्ट भौतिक पूर्वाधारको अभावले गर्दा बिगतमा वाञ्छित गति लिन सकेन । यी कारणहरूका अतिरिक्त  नागरिकहरूमा चेतनाको कमी, उद्यमशीलता र व्यावसायिकताका अभावमा पर्यटनबाट देशले सम्भावनाको सानो अंश पनि प्राप्त गर्न सकेको छैन ।

## ३.२ वर्तमान स्थिति

सरकारले बिगत दुई–तीन दशकअघिदेखि बिभिन्न प्रवर्द्धनात्मक कार्यक्रम लागु गरी विदेशी पर्यटकको संख्या बढाउने प्रयत्न निरन्तर रूपमा गरिरहेको छ । विशेष गरी सन् १९९८ लाई “नेपाल भ्रमण वर्ष”, सन् २०११ लाई “नेपाल पर्यटन वर्ष” र सन् २०१२ लाई “लुम्बिनी भ्रमण वर्ष” घोषणा गरी केही कार्यक्रमहरू संचालन गरिएका पनि हुन् । पछिल्लो पटक सन् २०२० लाई “नेपाल भ्रमण वर्ष” का रूपमा घोषणा गरी विदेशी पर्यटकको संख्या २० लाख पुर्‍याउने लक्ष्य राखिएको थियो । तर विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ महामारीका कारण नेपालको पर्यटन उद्योगमा सो विशेष वर्ष” मा नै नराम्रो असर देखियो ।

पछिल्लो तथ्यांक हेर्दा,  कोभिडपूर्व सन् २०१९ मा बिभिन्न देशबाट ११,९७,१९१ जना पर्यटक आएका थिए भने सन् २०२० मा भने कोभिडका कारण अघिल्लो वर्षका तुलनामा ८०.८ प्रतिशतले घटेर जम्मा २,३०,०८५ जना मात्र आए ।  सन् २०२१ मा झनै घटेर गएको स्थिति छ । सो वर्ष अघिल्लो वर्षका तुलनामा ३४.४ प्रतिशतले ह्रास आई जम्मा १५०, ९६२ जना मात्र विदेशी पर्यटक आएका थिए ।

विगत २५ वर्षमा नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरूको वार्षिक संख्या अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

## ३.३  भविष्यका संभावना

नेपालमा अन्तर्राष्ट्रिय पर्यटकका लागि अनेकौं अनुपम आकर्षणहरू रहेका छन् । वर्षैभरि हिउँले ढाकिने मनोरम हिमाल र हिमालबाट तीव्र गतिमा बगेर तलतिर आउने नदीहरू नेपालका अद्वितीय प्राकृतिक सम्पदा हुन् । हिमालय पर्वतको सबैभन्दा बिस्तृत भाग र संसारको सबैभन्दा अग्लो हिमश्रृङ्खला नेपालमा नै पर्दछ । विश्वको सर्बोच्च शिखर सगरमाथा मात्र होइन संसारमा भएका ८ हजार मिटरभन्दा अग्ला जम्मा १४ वटा हिमालहरूमध्ये ८ वटा (सगरमाथा, कञ्चनजङघा, ल्होत्से, मकालु, चोयु, धौलागिरी १, मनास्लु र अन्नपूर्ण १) त नेपालमै रहेका छन् । यस्ता उच्च हिमश्रृङ्खलाका शिखरहरूको आरोहण गर्न विश्वका बिभिन्न भागबाट उत्साहीर साहसी युवकयुवती हरेक वर्ष नेपाल आउँछन् । यहाँका रमणीय पहाडी धरातलमा हप्तौं लगाएर पदयात्रा गर्न पनि हजारौं पर्यटक आउँछन् । त्यस्तै, नेपालका तीनवटा नदी भोटेकोशी, सुनकोशी र कर्णाली ह्वाइट वाटर राफ्टिङका लागि संसारमै कहलिएका १० वटा नदीभित्र स्थापित भएका हुँदा त्यस साहसिक खेलमा रुचि हुनेहरू पनि रमाउन यहाँ आउँछन् । पर्वतारोहण, पदयात्रा र राफ्टिङ जस्ता साहसिक पर्यटनमा शोख राख्ने संसारभरिका अतिथिहरूको रोजाइ नेपालका यी बिबिध प्राकृतिक सम्पदा हुने गरेका छन्।

नेपाल प्राचीनकालदेखि हिन्दू र बौद्ध धर्मावलम्बी पर्यटकहरूको एउटा प्रमुख आकर्षण रआिएको छ । विश्वकै हिन्दूमात्रका परम आराध्यदेव श्री पशुपतिनाथ नेपालमा नै बिराजमान हुनुहुन्छ । अरु अनेकौं प्रसिद्ध देवीदेउताको वासस्थान यस देशमा छन् । भारतलगायत संसारका अरु देशमा बसोबास गर्ने धेरै हिन्दूहरूको नेपाल भ्रमणको उद्देश्य धार्मिक पर्यटन रहिआएको छ ।

सन् १९७९ मा युनेस्कोले काठमाडौं उपत्यकाका सातवटा विशेष ऐतिहासिक तथा सांस्कृतिक स्थलहरू (पशुपति क्षेत्र, बौद्धनाथ क्षेत्र, स्वयम्भू क्षेत्र, चाँगुनारायण क्षेत्र, हनुमानढोका दरबार क्षेत्र, भक्तपुर दरबारक्षेत्र तथा पाटन दरबार क्षेत्र) लाई विश्वसम्पदा

सूचीमा सूचीकृत गरेपछि तिनको बारेमा विश्वव्यापी अभिरुचि बढेको हो । त्यसपछि नेपालका यी सम्पदाहरू विश्वका सांस्कतिक पर्यटकीय गन्तव्यमा स्थापित भएका छन् ।

विश्वका करोडौं बौद्धमार्गीहरूले पनि नेपाललाई पवित्र भूमि मानेका छन् । भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको नेपालको अर्को एउटा महत्वपूर्ण सम्पदा हो । प्रसिद्ध चिनीया यात्री, अन्वेषक तथा लेखक हुएन साङ्ले इशाको सातौं शताब्दीमा लुम्बिनी भ्रमण गरेका थिए । वर्तमान कालमा लुम्बिनीमा वर्सेनि हजारौं पर्यटक र तीर्थयात्री भित्रिने गरेका छन् । तीमध्ये भारतबाट लुम्बिनीमा आउने पर्यटकको संख्या सर्बाधिक छ । त्यसपछि श्रीलङ्का, म्यान्मा, थाइल्यान्ड, चीन, भियतनाम, दक्षिण कोरिया, क्याम्बोडिया, ताइवान, जापान, मलेसियालगायतका एसियाली पर्यटकहरू मात्र होइन जर्मनी, फ्रान्स, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया आदि देशहरूबाट पनि बौद्धमार्गीहरू तथा अन्य पर्यटक लुम्बिनीमा आउने गरेका छन् ।

नेपालका यी बिभिन्न प्रकारका अमूल्य सम्पदाका अतिरिक्त अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय र बहुभाषीय सामाजिक संरचना, धार्मिक, साँस्कृतिक र सामाजिक विविधता, अनेकौं ऐतिहासिक सम्पदाका कारण नेपाल बिबिध रुचि, उमेर र आर्थिक अवस्थाका विदेशी पर्यटकहरूको गन्तब्यमा पर्दछ ।

पर्यटन उद्योगको विकासका लागि भौतिक पूर्वाधारको व्यवस्था अत्यावश्यक मानिन्छ । बिगतका दशकहरूदेखि नै पर्यटकीय क्षेत्रमा भौतिक पूर्वाधारको विकास केही हुँदै आएको छ । सडक यातायातले देशका धेरै पर्यटकीय स्थानहरूलाई जोडेको छ । यसका साथसाथै पर्यटन व्यवसायमा निजी क्षेत्रको लगानी वृद्धि हुँदै गएको छ । पर्यटन र अतिथि सत्कार विषयमा नेपालका विश्वविद्यालयहरूका स्नातक र त्योभन्दा माथिको तहमा पठनपाठन शुरु भइसकेका छन् । ती विषय पढाइने शैक्षिक संस्थाहरूको संख्यामा वृद्धि भएसँगै डिग्रीप्राप्त र तालीमप्राप्त जनशक्तिको उत्पादन पनि क्रमशः बढिरहेको छ ।

नेपाल आएका कुल विदेशी पर्यटकमध्ये छिमेकी राष्ट्रहरू भारत र चीनबाट आएका पर्यटकको संख्या बिगत केही वर्षदेखि पहिलो र दोस्रो स्थानमा रहिआएकोमा विश्वब्यापी कोभिड संक्रमणपछि चीन हाल प्रमुख पाँच मुलुकमध्ये एउटा भएको छ । तीदुबै राष्ट्रको उच्च आर्थिक वृद्धिबाट त्यहाँका मध्यम आयवर्गको जनसंख्या तीव्र गतिमा वढिरहेको छ । यस सँगसँगै ती देशबाट आउने पर्यटकको संख्या बढ्ने निश्चितप्राय छ । त्यस्तै, बिगत एक दशकको तथ्यांक अध्ययन गर्दा नेपाल आउने विमानहरूको संख्या र उडानको संख्यामा पनि क्रमशः बृद्धि हुँदै गएको छ । सन् २०११ मा नेपाल आएका र गएका कुल

उडान संख्या जोड्दा २२,७९२ पुगेको थियो भने कोभिड संक्रमणभन्दा अघिल्लो वर्ष २०१८ मा यो संख्या लगभग डेढी बढेर ३३,८९७ पुगेको थियो ।

सन् २०२२ देखि विश्वमा कोभिडको प्रभाव घट्तै गएको छ । अब बिस्तारै विश्वकै पर्यटन उद्योगले गति लिने अनुमान गरिएको छ । कोभिडपछि बिस्तारै नेपालमा पनि पर्यटकहरू आउन थालेका छन् । यी सबै कारणबाट आगामी वर्षहरूमा नेपालमा पर्यटनको विकासका थप अवसरहरू प्राप्त हुने भई रोजगारीका अवसर र समग्र आर्थिक वृद्धि हुने सम्भावना प्रबल देखिन्छ ।

पर्यटन उद्योगको प्रवर्द्धनका लागि देशको दीर्घकालीन योजनाका सम्बन्धमा पनि केही चर्चा गर्नु उपयुक्त हुन्छ । चालु पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१)मा नेपाललाई एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्यका रुपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने सोच (Vision) बनाइएको छ । त्यस्तै, विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य राखिएको छ । उक्त योजनाका उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

- नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रूपमा विकास गर्नु ।
- गन्तव्य स्थल तथा उपजमा विविधीकरण गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्नु ।
- पर्यटकीय लाभलाई समन्यायिक रूपले जनस्तरसम्म पुर्‍याउनु ।

नेपालको प्रति व्यक्ति आय चौधौं योजनाको अन्तिम वर्ष २०७५ मा अमेरिकी डलर १,०७४ रहेकोमा यस शताब्दीको अन्त्य अर्थात वि.सं. २१०० मा १२,१०० अमेरिकी डलर पुर्‍याई नेपाललाई उच्च आय स्तरको विकसित मुलुक बनाउने दीर्घकालीन सोच चालु पन्ध्रौं योजनाले लिएको छ ।

सो दीर्घकालीन सोचलाई मूर्तरुप दिने क्रमिक प्रयासस्वरुप योजनाको पाँचवर्षे अवधिका लागि पर्यटन क्षेत्रका केही महत्वपूर्ण सूचकहरूमा पनि लक्ष निर्धारण गरिएका छन् । त्यस अनुसार कुल विदेशी पर्यटक आगमन सङ्ख्या आधार वर्ष २०७५/७६ को अंक ११ लाख ९७ हजारबाट बढाई अन्तिम वर्ष २०८०/८१ मा ३५ लाख पुर्‍याउने, कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान आधार वर्ष २०७५/७६ को अंक २.७ प्रतिशतबाट बढाई २०८०/८१ मा १० प्रतिशत पुर्‍याउने, पर्यटन क्षेत्रमा प्रत्यक्ष रोजगारी सिर्जनाको सङ्ख्या आधार वर्ष २०७५/७६ को अंक २ लाख व्यक्तिमा २०८०/८१ मा ९१ हजार थप गर्ने, विदेशी पर्यटकको औसत बसाई १२.७ दिनबाट १५ दिन पुर्‍याउने र प्रति

पर्यटक खर्च प्रति दिन ४८ अमेरिकी डलरबाट बढाई १०० अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ ।

पर्यटन क्षेत्रका यी पञ्चवर्षीय लक्ष्यप्राप्तिका लागि केही रणनीतिहरू लिइएका छन् । त्यस अनुसार छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा प्रचार-प्रसार र प्रवर्द्धन गर्ने; शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने, सार्वजनिक-निजी-सहकारी साझेदारीमा आधुनिक पर्यटन पूर्वाधार विकास, बजारीकरण र प्रवर्द्धन गर्ने; निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय गन्तव्य स्थल पहिचान, विकास तथा विविधीकरण गर्ने र  पर्यटन क्षेत्रबाट हुने आर्थिक लाभलाई स्थानीय स्तरसम्म पुऱ्याउने रणनीति तय गरिएका छन् ।

दीर्घकालीन सोचलाई मूर्त रुप प्रदान गर्नका लागि गुणस्तरीय मानवपूँजी निर्माण, उद्यमशील कार्य संस्कृतिको विकास र सम्भावनाको पूर्ण उपयोग जस्ता कार्यलाई रुपान्तरणका केही मुख्य संवाहकका रुपमा पहिचान गरिएको छ ।

अतः, नेपालका प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको विद्यमानता र  पर्यटन उद्योगको प्रवर्द्धनको योजनाबद्ध विकासका लागि सरकारले लिएका लक्ष्य, उद्देश्यहरू र रणनीतिको अध्ययन गर्दा भविष्यमा पर्यटन उद्योगको आकार बढेर जाने अनुमान गर्न सकिन्छ ।

तर केही अप्रिय घटनाहरूले बेलाबेलामा नेपालको छबि नराम्रोसँग बिगार्ने गरेका छन् । दश वर्षे जनयुद्ध, राजदरबार हत्याकाण्ड, सन् २०१५ को भूकम्प जस्ता घटनाहरूले विदेशी पर्यटकको संख्यामा नराम्ररी ह्रास आएको छ ।  यहाँका पहाडी भू-धरातलमा हुने गरेका हवाई दुर्घटनाहरूले पनि अन्तर्राष्ट्रिय स्तरमा नेपालको छबिलाई धुमिल बनाइदिएका छन् । यस पक्षमा सरकार गम्भीर भएर यहाँका विमान कम्पनीहरूले प्रयोग गर्ने विमानहरूको गुणस्तर, विमानस्थलहरूको भौतिक अवस्था, कार्यरत जनशक्तिको योग्यता र दक्षता, यात्रुहरूको समग्र सुरक्षा व्यवस्था आदि जस्ता संवेदनशील विषयहरूमा स्थापित अन्तर्राष्ट्रिय मापदण्डको अक्षरशः पालना गर्ने गराउनेतर्फ प्रभावकारी अनुगमनको व्यवस्था हुनु जरुरी छ । आम पर्यटकले अनुभूत गर्नसक्ने गरी यो काम भयो भने र यसको सकारात्मक सन्देश अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन सकिएको खण्डमा नेपालमा बाह्य पर्यटकको संख्या उत्साहबर्द्धक रुपमा बढ्ने ठूलो सम्भावना छ ।

# ४. दक्षिणकाली नगरपालिका क्षेत्रमा पर्यटनको अवस्था

## ४.१ दक्षिणकाली नगरपालिकाका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा

दक्षिणकाली नगरपालिका क्षेत्र धार्मिक र सांस्कृतिक पक्षबाट हेर्दा काठमाडौं उपत्यका मात्र होइन देशकै अनुपम धरोहरका रुपमा परिचित छ । दक्षिणकाली, गोपालेश्वर, शेषनारायण, सेतीदेवी, बज्रयोगिनी, गोरखनाथ, चौकोटदेवी, झम्केश्वरी लगायतका मन्दिरहरूको उपस्थितिले यस क्षेत्रको विशिष्ट महत्व छ ।

लिच्छविकालिन प्राचीन बस्ती रहेको फर्पिङ शहर (शिखरापुर नगर) का आफ्नै विशिष्टताहरू रहेका छन् । हरिशंकर जात्रा, बज्रयोगिनी जात्रा, थैली नाच, कातिक नाच, लाखे नाच र गाईजात्रा जस्ता परम्परागत नाच एवं जात्राहरूको जीवन्तताका कारण यस नगरपालिकाको उत्कृष्ट सांस्कृतिक नगरीका रुपमा पहिचान छ । अष्टचिरंजीवी मध्येका एक दानवीर बलिका पुत्र बाणासुरको ऐतिहासिक दरबार मानिएको बाणासुर डाँडा र उनकी छोरी उषामैंयाँको दरवार पनि यसै क्षेत्रभित्र परेको जनविश्वास छ । यहाँका जात्रा र नाचका विषयमा पनि आ-आफ्नै किंबदन्ती र पुराना परम्पराहरू अद्यापि जीवितै रहेका छन् ।

बौद्ध धर्मावलम्बीहरूका लागि पनि यो पवित्र भूमि हो । पद्मसंभवले तपस्या गरेको असुरा गुफा र ह्याङलासी गुम्बाको विशेष महिमा छ । सुन्दर र प्राकृतिक वन क्षेत्रभित्र अरु पनि अनेकौं आकर्षक गुम्बाहरू रहेका छन् । कतिपय गुम्बाहरूमा बौद्ध दर्शन पढाउने विद्यालयहरू पनि रहेका छन् ।

यी धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरू र मौलिक सभ्यताहरूका अतिरिक्त अनेकौं जैविक विविधताहरू समेत दक्षिणकाली नगरपालिका क्षेत्रमा विद्यमान छन् । चाल्नाखेलको बोसन डाँडा, हात्तीवन क्षेत्र, छैमलेको जातीपोखरी, नेपालकै प्रसिद्ध कटुवाल दह जस्ता पर्यटकीय हिसाबले रमणीय र आकर्षक स्थलहरू पनि यसै नगरपालिका क्षेत्रमा छन् । नेपालको पहिलो विद्युत उत्पादन आयोजना चन्द्रज्योति जलविद्युत गृह यसै नगरपालिकामा रहनुले पनि यस क्षेत्रको पहिचानलाई निकै उच्च बनाएको छ । उपत्यकाका चन्द्रागिरि र कीर्तिपुर नगरपालिकाहरूसंग यो नगरपालिका जोडिएको छ ।

काठमाडौका चार नारायणमध्येका एक शेषनारायण मठ, भ्रम्केश्वरी, भीमसेन मन्दिर र ग्रीनतारा लगायतका स्थानहरू यहाँका धरोहर हुन् । यस स्थलमा ३३ कोटी देवीदेवताको बास रहेको जनविश्वास छ । यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने बिबिध जातजातिमा देखिएको सामाजिक सदभाव, धार्मिक सहिष्णुता र आपसी मेलमिलापले पनि यस क्षेत्रको महत्वलाई उजागर गरेका छन् ।

नगरपालिकाको मुख्य चिनारी यिनै प्राकृतिक, धार्मिक र सांस्कृतिक वैभव नै भएकाले नगरपालिकाले आगामी दिनमा यी अमूल्य सम्पदाको संरक्षण गर्दै यिनलाई व्यवस्थित तरिकाले पर्यटनको विकाससँग जोड्न सकेमा स्थानीय अर्थतन्त्रमा ठूलो प्रभाव पर्नेछ ।

## ४.२ दक्षिणकालीका होटेल, लजको विवरण

वडा नं ९ मा रहेका होटेल र होमस्टेको विवरण प्रतिवेदनको छुट्टै खण्डमा प्रस्तुत गरिएको छ । तीबाहेक यस नगरपालिका क्षेत्रभित्र अन्य वडामा रहेका पर्यटक स्तरका केही होटेल र रिसोर्टहरूको विवरण निम्नबमोजिम छ :

**तालिका: दक्षिणकाली नगरपालिका क्षेत्रका होटेल र रिसोर्टहरूको विवरण**

| नाम, ठेगाना | अनुभव वर्ष | क्षेत्रफल | सेवासुविधा | कर्मचारी |
|---|---|---|---|---|
| प्रसिद्ध रिसोर्ट प्रालि, डोल्लुगेट, दनपा ५ | १ वर्ष | लगभग तीन रोपनी | ८ वटा कोठामा ३० वटा बेड, कन्फरेन्स हल, रेस्टुरेन्ट । | ६ जना (५ जना स्थानीय) |
| ड्राला रिसोर्ट नेपाल प्रालि, डोल्लु, दनपा ५ | लगभग १५ वर्ष | लगभग तीन रोपनी | ट्वीन बेड रुम (४), डिलक्स रुम (४), सुइट (२), योगा हल, डाइनिङ । सबै रुममा पकाउने सुबिधा । | ५ जना (सबै स्थानीय) |

| | | | | |
|---|---|---|---|---|
| दक्षिणकाली एण्ड डोल्लु रिसोर्ट प्रालि, डोल्लु, दनपा ५ | लगभग ३२ वर्ष | ४२ रोपनी | फेमिली रुम (२), डिलक्स रुम (५), स्टान्डर्ड रुम (५), कटेज (६), कन्फरेन्स हल, रेस्टुरेन्ट, स्विमिङ पुल, खुला चौर । | २० जना (अधिकांश स्थानीय) |
| सलिड रक लज एण्ड रेस्टुरेन्ट, डोल्लु, दनपा ७ | ७ वर्ष | ४ रोपनी | ६ वटा कोठा, रेस्टुरेन्ट । | ५ जना (सबै स्थानीय) |
| हिमालयन हाइट रिसोर्ट, हात्तीवन, दनपा ४ | लगभग ३० वर्ष | ४२ रोपनी (सामुदायिक वनबाट लिजमा) | डिलक्स रुम (२७), सुइट (१), कन्फरेन्स हल, रेस्टुरेन्ट, बार आदि । | ४० जना (लगभग सबै स्थानीय) |
| छैमले रिसोर्ट, राम्चे भन्ज्याङ, दनपा ८ | ९ वर्ष | २३ रोपनी | स्टान्डर्ड, उडेन स्टान्डर्ड र कम्बाइन्ड गरी ३४ कोठामा १३० जना राख्न सकिने । | ३० जना (लगभग सबै स्थानीय) |

(स्रोतः स्थलगत भ्रमण र निरीक्षण)

## ४.३ शीपयुक्त जनशक्तिको उपलब्धता

दक्षिणकाली नगरपालिका क्षेत्रभित्रका होटेल र रिसोर्टहरूमा लगभग पूरा नै स्थानीय कर्मचारी छन् । महिला र पुरुष कर्मचारीको संख्या बराबरी जस्तो छ ।  महिलाहरू विशेष गरी हाउसकिपिङ, किचेन, गार्डेनिङ र फ्रन्ट अफिसमा कार्यरत छन् । पुरुषहरू अफिस व्यवस्थापन, वेटर, सरसफाइ र सुरक्षाको जिम्मेवारीमा छन् । टुरिजम र हस्पिटालिटी म्यानेजमेन्ट विषयहरूमा ब्याचेलर गरेका कर्मचारी शून्यप्रायः छन् । ती विषयमा मास्टर्स गरेका कर्मचारी त भ्रमण गरेका होटेलमा कोही भेटिएनन् । दक्षिणकाली नगरपालिका क्षेत्रभित्र अत्यन्त कम संख्यामा त्यस्ता योग्यताप्राप्त जनशक्ति

भए पनि उनीहरू बृत्तिविकासका अवसर पर्खेर काठमाडौंका ठूला होटेलमा, विदेशमा र कोही आफ्नै ट्राभल एजेन्सी चलाएर बसेको जानकारी अध्ययनका क्रममा प्राप्त भयो । स्थानीय स्तरमा जनशक्तिको आवश्यकता र उपलब्धताको विषयमा छुट्टै अध्ययन हुनुपर्ने देखिन्छ ।

## ४.३ पर्यटन उद्योगमा लगानी

पर्यटन व्यवसायमा ठूलो लगानीको आवश्यकता हुन्छ । महँगो रकम तिर्न इच्छुक स्वदेशी तथा विदेशी पर्यटकहरूका स्तरका एउटै होटेल, रिसोर्ट निर्माणका लागि जग्गा खरिद, भवन, अन्य सेवासुबिधाको परिपूर्तिका लागि करोडौं रुपियाँको खाँचो पर्दछ ।

ब्यापार-व्यवसायमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका हुन्छ । त्यसैले सरकारी क्षेत्रको भूमिका भने सहजकर्ता र समन्वयकर्ताका रूपमा सीमित हुनुपर्दछ । स्थानीय सरकारले पर्यटन विकासका सन्दर्भमा आफ्नो दीर्घकालीन सोच, योजना र प्रवर्द्धनात्मक कार्यक्रमहरू ल्याएर निजी क्षेत्रलाई लगानीका लागि विश्वस्त नपारेसम्म ठूलो रकम लगानी गर्नका लागि स्थानीय व्यवसायीहरूमा अभिरुचि हुँदैन । फर्पिङ बजारमा रहेका निजी क्षेत्रका वाणिज्य बैंकहरूको हालको लगानी अन्य व्यवसायका तुलनामा पर्यटन क्षेत्रमा न्यून नै रहेको पाइएको छ । ठूलो लगानीका रिसोर्टका लागि खर्चको ठूलो अंश जग्गा खरिदमा जाने हुँदा व्यवसायीले नै जग्गाको प्रबन्ध गर्ने हो भने अन्य खर्चका लागि यस व्यवसायमा लगानी गर्न बैंकहरू सकारात्मक रहेका पाइएका छन् ।

# ५.वडामा पर्यटनको वर्तमान अवस्था

## ५.१ वडा नं. ९ का प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदा

समग्र दक्षिणकाली नगरपालिका क्षेत्र धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदामा निकै सम्पन्न छ । त्यसैको एउटा वडाका रुपमा रहेको भए तापनि वडा नं ९ मा अन्य वडाहरूका तुलनामा धार्मिक, साँस्कृतिक र पर्यटकीय महत्वका भौगोलिक स्थानहरू बढी नै छन् । नगरपालिकाको पश्चिमी भागमा प्रकृतिको लोभलाग्दो काखमा अवस्थित यो वडा प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । प्रसिद्ध दक्षिणकाली माताको प्राचीन मन्दिर यसै वडामा रहेका कारणले समेत यस वडाको महिमा र महत्व निकै रहेको छ । विभिन्न देवदेवीका मन्दिरहरूले वडावासीहरू वीचको धार्मिक आस्था, विश्वास र सहिष्णुतालाई प्रवल र सुमधुर बनाउनमा महत्वपूर्ण  सघाउ पुऱ्याएका छन् । त्यस्तै, रमणीय, अग्ला र हरित डाँडाहरूले यस वडालाई शोभायमान बनाएका छन् ।

यस वडाका प्रमुख धार्मिक, साँस्कृतिक एवं भौगोलिक स्थानहरू र तिनका विशेषताहरू निम्नबमोजिम छन् :

***प्राचीन दक्षिणकाली मन्दिर***

दक्षिणकाली माताको उत्पति पहिला यसै वडामा रहेको डाँडामा भएको र पछि मात्र हालको दक्षिणकाली मन्दिर रहेको स्थानमा स्थापित गरिएको भनाइ छ । सो उत्पतिस्थललाई हाल प्राचीन दक्षिणकाली मन्दिरको नामबाट परिचित छ । दक्षप्रजापतीकी एक छोरी दाक्षायणीबाट दक्षिणकाली नाम रहेको लोककथन छ । प्राचीन दक्षिणकालीको विषयमा गुप्त रहस्योद्घाटन भएपछि यसको पुनर्निर्माणको कार्य आ.ब. ०६७।०६८ देखि आरम्भ भएको हो । काठमाडौ महानगरपालिकाको सहयोगमा मन्दिरको प्रांगणमा पार्क निर्माण गरिएको छ । काठमाडौ जिल्लाकै कागेश्वरी मनहरा नगरपालिकासमेतको सहकार्यमा मन्दिरको नव निर्माण भइरहेको छ । मन्दिरको वरिपरि परिक्रमा पथ निर्माण गरिएको छ । साथै चक्रपथीय पोखरीको निर्माण गरिएको छ ।

***खार्पा थाम्डाँडा चम्पादेवी मन्दिर***

शक्तिशाली देवीको मन्दिर भएको यो क्षेत्र वडाको एक रमणीय स्थल हो । यो स्थान दक्षिणकाली नगरपालिकाका वडा नं. १, ५ र ९ गरी तीनवटै वडाको क्षेत्रमा पर्दछ । ती वडाहरूको सिमानामा पर्ने चम्पादेवी (पार्वती) मन्दिरले आन्तरिक एवं वाह्य

पर्यटकहरूलाई मज्जैले लोभ्याउँछ । स्कन्दपुराण अनुसार चम्पादेवीले बागमतीबाट दुई घैला पानी बोकेर चम्पादेवी डाँडामा पुऱ्याएको भनाइ छ । चम्पादेवीका दुई पाउमध्ये एक दायाँ पाउ बोसनडाँडाँमा र बायाँ पाउ कीर्तिपुरतर्फ पर्दछ भन्ने जनश्रुति छ ।

अर्को किंवदन्ती अनुसार तिब्बतबाट महामञ्जुश्री काठमाडौमा आउँदा  मर्ददेवी र सरस्वती दुईटी श्रीमतीहरू पनि साथै ल्याएको र फूलचोकीमा बसाएको भनिन्छ । यस स्थानमा आएर शिखीबुद्धले तपस्या गरेको विश्वास छ । डाँडामा बौद्ध चैत्य पनि रहेको छ । बैशाख १ गते यहाँ धुमधामले मेला लाग्दछ । अघिल्लो दिन टौदहको पानी डाँडामा लगेर नयाँ बर्षका दिन सबै तीर्थालुहरूलाई बाँड्ने चलन छ । चम्पादेवी ध्यान र योगका लागि निकै उपयुक्त र रमणीय स्थल मानिन्छ ।

यस डाँडाबाट टौदहसहित काठमाडौ उपत्यकाको मनोहर र झलमल्ल दृश्य देख्न सकिन्छ । साथै श्वेत हिमश्रृंखलाहरूको अलौकिक दृश्य यहाँबाट सहज रुपमा हेर्न सकिन्छ । नजिकै उत्तर दिशातिर लमतन्न परेर रहेको हातीवनको सौन्दर्य पनि यहाँबाट देख्न सकिन्छ ।

### *बाणासुर डाँडा*

यो डाँडा समुद्रसतहबाट २२७८ मिटर अग्लो छ । यो काठमाडौं जिल्लाकै सबैभन्दा अग्लो र सुन्दर स्थान हो । बलि राजाका पुत्र वाणासुरको नामबाट रहेकाले यसको पौराणिक महत्व छ । डाँडाको थाप्लोमा फराकिलो र आनन्ददायक चौर रहेको छ । देवी देवताहरूको साँच्चिकै वासस्थान जस्तो लाग्ने यो डाँडाको शिखरबाट पश्चिमदेखि उतरपूर्वसम्म लहरै गणेश, लामटाङ, गौरीशंखर, लाक्पादोर्जीदेखि सगरमाथासम्म देखिन्छन् । यहाँबाट सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य पनि देखिन्छ । बाणासुर डाँडाको पश्चिममा भालेश्वर महादेव, दक्षिणमा चम्पादेवी र फर्पिङका साथै महाभारत श्रृंखलाहरू पर्दछन् । यसका छेउमा भस्मेश्वर डाँडा छ । यस डाँडाको ऐतिहासिक महत्व पनि छ । नेपाल एकिकरणको सिलसिलामा पृथ्वीनारायण शाहले गढीका रुपमा पनि यसलाई प्रयोग गरेका थिए । त्यसताका उनले मामाघरबाट चन्द्रागिरि भञ्ज्याङ आएर काठमाडौंको सम्पूर्ण दृश्य अवलोकन गरेका थिए । पछि काठमाण्डौं आक्रमण गर्दा भस्मेश्वरलाई किल्ला बनाएका थिए ।

यहाँबाट गणेश, लामटाङ, गौरीशंकर, लाक्पादोर्जेदेखि सगरमाथासम्मको मनोहारी दृश्यहरू देख्न सकिने हुँदा यस ठाउँको विशिष्ट पर्यटकीय महत्व छ ।

***डाँडीखेल***

डाँडीखेल यस वडाको अर्को उच्च प्राकृतिक स्थल हो । यो मकवानपुर जिल्लाको ईन्द्रसरोबर गाउँपालिकासंग जोडिएको छ । यहाँबाट वाणासुर, भस्मासुर र मकवानपुरको कालथुम्की डाँडाहरूको दृश्यावली हेर्न सकिन्छ । उत्तरतिरका हिमालको पनि सुन्दर दृश्य अवलोकन गन सकिन्छ । त्यस्तै, यहाँबाट धरहरा, त्रिभुवन विमानस्थललगायत भक्तपुर र ललितपुरको दृश्यावलोकन गर्न सकिन्छ ।

डाँडीखेलमा आरु, आरुबखडा, नास्पाती, स्याउको राम्रो उत्पादन हुन्छ । भिन्न प्रकारको हावापानीका कारण यहाँ अन्य गाउँभन्दा फरक महिनामा फल फल्छन् ।

डाँडीखेलमा परम्परागत ढंगबाट कृषि कार्य गरी काउली, बन्दा, आलु, मार्फा रायो, चाइनिज रायो तरकारीहरू उत्पादन गरिन्छ । यहँको आलु अत्यन्त मीठो मानिन्छ । घाम बिहान चाँडै उदाउने र बेलुका ढिलो अस्ताउने हुँदा विशेष गरी साँझमा रमणीय हुन्छ । जम्मा २० घरहरू रहेको यस तामाङ बस्तीमा योजनाबद्ध ढंगबाट पर्यटनको विकास गरिएमा स्थानीय जनताको जीवनस्तरमा परिवर्तन ल्याउन सकिने प्रशस्त सम्भावनाहरू देखिन्छन् ।

***बासीनडाँडा, देउराली भञ्ज्याङ र गुप्तेश्वर महादेवको मन्दिर***

डाँडीखेलबाट जंगलका बीचैबीच हुँदै तलतिर झर्दा जंगलमा गुप्तेश्वर महादेवको मन्दिर भेटिन्छ । त्यहाँबाट अझ तलतिर लाग्दा हालै निर्माण भएको पदमार्ग हुँदै नपु, मिडोल पुगिन्छ ।

***हुमानेभञ्ज्याङ र चौकोटदेवी मन्दिर***

दक्षिणकाली नगरपालिका र मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिकाको सीमानामा रहेको हुमाने भञ्ज्याङकै डाँडामा बसेकी छन् चौकोट देवी । प्राचीनकालमा चारवटा कोट भएकाले चौकोट भनिएको र त्यहीं ठाउँको नामबाट चौकोटदेवी नामाकरण गरिएको भनाइ छ । यहाँ देवीको शिलासहित घण्ट र त्रिशुल राखिएको छ । चौकोटदेवीको रहस्यात्मक मन्दिरबाट पश्चिम दक्षिणमा ठूलो शिलामा बाघको आकृति रहेको छ । आकाश छ्याङ्ग भएका बेला यस स्थानबाट सेता हिमालका लोभलाग्दा दृश्यहरू देख्न सकिन्छ । यहाँको प्रकृति शीतल, शान्त र अनुपम छ ।

***वामनधाम र लामागाउँ***

यहाँको भैरव मन्दिर वडाका शान र आस्थाका धरोहर हुन् । यी दुबै स्थलहरूलाई धार्मिक धामका रुपमा प्रवर्द्धन गर्न सकिने ।

***भुण्डोल र सुन्डोल क्षेत्र***

भूण्डोल क्षेत्र प्रकृतिको अनुपम वरदान हो । यो स्थान रम्यतापूर्ण प्राकृतिक स्टेडियमको रुपमा रहेको छ । यस क्षेत्रलाई प्राकृतिक खेलमैदान नै मानिएको छ ।

चिहानडाँडाबाट भुण्डोलहुँदै नवनिर्मित पदमार्गबाट तलतिर ओर्लंदा मनोहर बस्ती सुन्डोलमा पुगिन्छ ।

***बौद्ध गुम्बाहरू***

खार्पा, हुँडु, हुमाने र लामागाउँका गुम्बाहरू यस वडाका प्रमुख गुम्बा हुन् ।

## ५.२ वडामा भौतिक पूर्वाधारको अवस्था

दक्षिणकाली नगरपालिका वडा नं ९ भित्रका सबै बस्तीहरूमा कच्ची मोटरबाटोको सुविधा पुगेको छ । काठमाडौंबाट फर्पिङ, कुलेखानी हुँदै हेटौंडा जाने मूलसडकको दक्षिणकाली नगरपालिका खण्डमा पर्ने ९.६ किलोमिटरमध्ये अधिकांश भाग (लगभग ८.६ किलोमिटर) यसै वडामा पर्दछ । वडाभरि नै बिजुलीबत्तीको व्यवस्था रहेको छ । वडाभित्रका सबै बस्तीहरूमा खानेपानीको सुविधा पुगेको छ । मोबाइलको नेटवर्कले गर्दा वडामा संचारको राम्रो सुविधा उपलब्ध छ ।

यस वडाभित्रका प्रमुख पदयात्रा रुटमा ढुंगे पदमार्ग र सिँढी बनाइएका छन् । ढुंगा छापेका वडाभित्रका प्रमुख पदमार्गहरू निम्नबमोजिम छन् :

- *प्राचीन दक्षिणकाली मन्दिरबाट आएको मूल सडक छाडेर चिहानडाँडाबाट भुण्डोलतिर झर्ने ढुंगा छापेको पुरानो पदमार्ग ।*
- *भुण्डोलबाट सुन्डोल झर्ने ढुंगा छापेको, रेलिङसहितको नयाँ पदमार्ग ।*
- *भुण्डोलबाटचम्पादेवी जाने ढुंगाको सिँढी ।*
- *खार्पाबाट बाणासुर डाँडा जाने बाटोमा ढुंगा छापेको पुरानो पदमार्ग ।*
- *बाणासुर डाँडाबाट चम्पादेवीतिर ओर्लंदा ढुंगा छापेको पुरानो पदमार्ग ।*
- *नपु मिडोलबाट गुप्तेश्वर महादेव मन्दिर हुँदै कालथुम्कीतर्फ जाने ढुंगा छापेको निर्माणधीन फराकिलो पदमार्ग ।*

- *कालीदेवी देउरालीबाट थामडाँडा सुँगुरे भन्ज्याङ डाँडखिल जाने पदमार्ग ।*

## ५.३ वडामा भएका रिसोर्ट, होटेल र होमस्टे

यस वडा नं ९ मा निम्नलिखित रिसोर्ट, होटेल र होमस्टे संचालनमा छन् ।

### ५.३.१. जोयसोर्स रिसोर्ट प्रा. लि.

यसका प्रबर्द्धक स्थानीय पर्यटन व्यवसायी सुरेश बस्नेतका दम्पती हुनुहुन्छ । देशविदेशमा अतिथिसत्कार व्यवसायमा राम्रो अनुभवप्राप्त प्रबर्द्धकहरूद्वारा संचालित यस रिसोर्ट होटेलमा कर्मचारीहरू मुख्यतया स्थानीय महिला र पुरुष छन् । कर्मचारीहरूले कुनै विश्वविद्यालयबाट पर्यटन विषयमा उपाधि पाएका होइनन्, तर काम गर्दा गर्दै राम्रो शीप हासिल गरेका छन् । हेटौंडा जाने मूलसडक छेउको डाँडामा लामागाउँमा ३४ रोपनी क्षेत्रफलमा रहेको यस होटेलको स्थापना भएको २० बर्षभन्दा बढी भइसकेको छ । जम्मा ६ वटा कोठामा सुविधाजनक ढंगबाट १५ जना पाहुनालाई राख्न सकिने व्यवस्था छ । रमणीय प्राकृतिक स्थलमा अवस्थित यस होटेलको बारीमा नास्पाती, लप्सी, कागती, निबुवा, ज्यामीर, सुन्तला, मुन्तला, भोगटे, अम्बा, जैतुन (olive), apricot, avocado आदि फलका बोटहरू छन् । यहाँबाट सूर्योदयको दृश्य र प्राकृतिक छटा निकै राम्रो देखिन्छ । गुणस्तरीय स्वदेशी र विदेशी खाना तथा शान्त वातावरणमा सरसफाइयुक्त कोठामा बस्नको राम्रो व्यवस्था छ ।

यहाँ मुख्यतया व्यक्तिगत सम्पर्कबाट विदेशी पर्यटकहरू आउने गरेका छन् । कोभिडपछि बाह्य पर्यटकको संख्या धेरै नै घटेको छ । गत वर्षदेखि आन्तरिक पर्यटक भने केही आउन थालेका छन् । उनीहरू विशेष गरी शुक्रबार र शनिबार डेप्याकेजमा आउँछन् ।

यस रिसोर्टले यहाँ आउने पर्यटकहरूलाई बाहिर खुला ठाउँमा बसेर घाम ताप्तै वरिपरिको दृश्यावलोकन गर्न वा पदयात्रामा जाने सल्लाह दिन्छ । यसले मुख्यतया निम्नलिखित क्षेत्रमा पदयात्राको सिफारिश गरेको छ :

- लामागाउँ–डाँडीखेल–चौकोटदेवी–हुमाने (हरेक मौसममा)
- लामागाउँ–खार्पा–चम्पादेवी–हात्तीवन रिसोर्ट (हरेक मौसममा)
- लामागाउँ–असुरा गुफा
- फर्पिङ बजारको सांस्कृतिकपदयात्रा ।

अनलाईनबाट बुकिङ गर्ने व्यवस्था र गुणस्तरीय सेवा प्रदान गर्ने भएकाले विदेशी पर्यटकहरू आउने गरेका हुन् ।

### ५.३.२ सुगा पँधेरो होमस्टे

स्थानीय व्यवसायी राजु अधिकारीले स्थापना गरी संचालन गरिरहेको यस होमस्टेको निर्माण कार्य २०७७ चैतमा शुरु भएको हो । लगभग छ महिनामा सम्पूर्ण निर्माण सकिएपछि व्यवसाय संचालन भएको हो । यसका छ वटा घरहरूमध्ये एउटामा सेमिनार हल, एउटामा किचेन र स्टोर, एउटामा काउन्टर  तथा अफिस छन् भने बाँकी तीन वटा घरमा ६ वटा गेस्ट रुम छन् । तीन रोपनी क्षेत्रफलमा अवस्थित यस होमस्टेका वरिपरि लगभग १२ रोपनी पुर्ख्यौली जग्गा छ ।

मुख्यतः जन्मदिन लगायतका पारिवारिक कार्यक्रम र विदाका दिनमा पिकनिकका कार्यक्रम यहाँ हुने गरेका छन् । फर्पिङ, दक्षिणकाली, कुलेखानी, चितलाङ आदि स्थानबाट व्यक्तिगत सम्पर्कका आधारमा पाहुनाहरू आउने गरेका छन् । काठमाडौं र यीबाहेकका अन्य स्थानबाट पाहुनाहरू खासै आएका छैनन् । प्रचारका लागि वेबसाइट बनिसकेको छैन, काठमाडौंका पर्यटन व्यवसायीहरूसँग व्यावसायिक सम्पर्क पनि स्थापना भइसकेको छैन । होटेलहरूको तुलनामा खाना र बस्न केही सस्तो छ ।

### ५.३.३ होटेल हुमाने

यो होटेल दक्षिणकाली नगरपालिका र मकवानपुर जिल्लाको ईन्द्रसरोवर गाउँपालिकाको सीमानामा रहेको हुमाने भन्ज्याङमा अवस्थित छ ।

स्थानीय जनताको व्यक्तिगत जग्गा लिजमा लिएर केही व्यवसायीले २०७५ सालमा शुरु गरेको यस होटेलमा ६ वटा कोठा, २ वटा डाइनिङ हललगायतका सुविधा छन् । वर्षायाममा पहिरोले भवनमा केही क्षति पुऱ्याएको थियो । त्यसपछि  कोरोनाले सम्पूर्ण पर्यटन व्यवसाय नै ध्वस्त पारेपछि हाल यो होटेल बन्द छ ।

यी अघिल्ला दुई व्यवसायबाट हालको असहज अवस्थामा पर्यटन उद्यमीहरूले खासै लाभ प्राप्त गर्न सकिरहेका छैनन् । सेवा गुणस्तरीय छ । आफ्नै स्वामित्वको घरजग्गामा व्यवसाय चलाइएको हुँदा लाभ नभए पनि सेवा प्रदान गरिरहेका छन् । अठोटका साथ व्यवसाय शुरु गरेका हुँदा दुवैमा दीगोपनाको सम्भावना देखिन्छ । होटेल हुमाने चाहिँ हाल बन्दको अवस्थामा छ ।

यस पृष्ठभूमिमा दक्षिणकाली नगरपालिका वडा नं ९ मा पर्यटन व्यवसायको विकासका लागि यससँग सम्बन्धित बिभिन्न पक्षहरूको विश्लेषण निम्नबमोजिम गरिएको छ :

## ५.४ पर्यटन प्रवर्द्धनका लागि मौजुदा अवस्थाको बिश्लेषण

यस वडामा पर्यटन उद्योगको प्रवर्द्धनको सम्भाव्यता हेर्नका लागि यहाँका सबल पक्षहरू, कमजोर पक्षहरू, अवसर र चुनौतीहरूको बिश्लेषणात्मक अध्ययन गरिएको छ। अध्ययनबाट तिनीहरूको अवस्था निम्नबमोजिम पाइएको छ :

### सबल पक्षहरू

- काठमाडौंबाट फर्पिङ कुलेखानी हुँदै हेटौंडा जाने मूलसडकको दक्षिणकाली नगरपालिका खण्डको अधिकांश भाग यसै वडामा परेको।
- वडाभित्रका सबै बस्तीहरूमा सडक यातायातको सुविधा पुगेको।
- वडाभरि नै बिजुलीबत्तीको व्यवस्था रहेको।
- वडाभित्रका सबै बस्तीहरूमा खानेपानीको सुविधा भएको।
- मोबाइलको नेटवर्कले संचारको राम्रो सुविधा रहेको।
- वडामा प्रसिद्ध मन्दिरहरू, ठूला गुम्बाहरू र प्राकृतिक चौरहरू रहेका।
- वडाभित्रका प्रमुख पर्यटकीय गन्तब्यमा ढुंगे पदमार्ग र सिँढी बनिसकेका।
- वडामा वनजङ्गल प्रशस्त रहेकाले पर्यटकले जीवजन्तु, चराचुरुङ्गीको दृश्यावलोकन गर्न सकिने।
- माथिल्लो भेगका वाणासुर, चम्पादेवी डाँडाहरूमा र डाँडीखेलमा हिउँ पर्ने हुँदा आकर्षणका केन्द्र बन्न सक्ने।
- वडाभित्रका अग्लाअग्ला डाँडाबाट काठमाडौं उपत्यका, चन्द्रागिरीलगायत मकवानपुर जिल्लाको पर्यटकीय दृश्यावलोकन गर्न सकिने।
- स्थानीय तामाङ र बलामी जातिहरूका आआफ्ना गुठीमार्फत परम्परागत नाच, बाजागाजालगायतको संरक्षण भइरहेका।
- समग्र दक्षिणकाली नगरपालिका नै धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनका दृष्टिले धनी रहेकोले अन्य वडामा आउने पर्यटक यस वडामा आउन सक्ने।
- यस वडासँगै जोडिएको मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सरोवर र कुलेखानी जलविद्युत आयोजनाले अहिले नै पर्यटक आकर्षित गरिरहेका।

## कमजोर पक्षहरू

- दक्षिणकाली नगरपालिका क्षेत्रको पर्यटन विकास गुरुयोजना नभएको हुँदा यस वडाले पर्यटन विकासबारेमा स्पष्ट मार्गचित्र बनाउने आधार नपाएको ।
- पर्यटन व्यवसायलाई आर्थिक समृद्धिसंग कसरी गाँस्न सकिन्छ  भन्ने विषयमा वडावासीमा स्पष्ट सोच बनिनसकेको ।
- पर्यटन उद्योगबाट हुन सक्ने लाभ र तिनमा वडाबासीको पहुँच कसरी बढाउँने भन्ने बारेमा स्थानीय जनप्रतिनिधि, व्यवसायी र जनतालाई यथार्थ र व्यावहारिक जानकारी नभएको ।
- पर्यटन व्यवसाय र यसबाट वडावासीले हासिल गर्न सक्ने समृद्धिबीच सेतु निर्माणको कुनै सोच, शैली र संयन्त्र नबनेको ।
- पर्यटन उद्योगमा आवश्यक पर्ने विभिन्न प्रकारका शीप सम्बन्धमा व्यावसायिक शिक्षा र उच्चस्तरको तालीमप्राप्त जनशक्ति स्थानीय स्तरमा यथेष्ट संख्यामा उपलब्ध नरहेका ।
- व्यावसायिक तालिम, ज्ञान र शीपको अभावमा सही हिसाबले डोऱ्याउँने अगुवा नहुँदा निजी क्षेत्र पनि अनिश्चितताको वातावरणमा रहेको ।
- सानो परिमाणमा उपलब्ध शिक्षित जनशक्तिलाई स्थानीय पर्यटन व्यवसायमा रोकेर राख्न (retain गर्न)सकिने अवस्था नरहेको ।
- पर्यटन विकासमा युवावर्गलाई उत्प्रेरित गर्नका लागि नगरपालिकाबाट आवश्यक कार्यक्रम र बजेट व्यवस्था नभएको ।
- पर्यटनको विकासका लागि वडामा कुनै राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाको सहयोग परिचालन नभएको ।

## अवसरहरू

विश्वका कतिपय राष्ट्रहरूले आफ्नो देशमा प्राचीन महत्वका दर्शनीय स्थलहरू नहुँदा पनि कृत्रिम आकर्षणहरू खडा गरी पर्यटनको माध्यमबाट अथाह धनराशी कमाइरहेको सन्दर्भमा दक्षिणकाली नगरीलाई आफ्ना सम्पदाका बलमा पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने प्रशस्त अवसरहरू प्राप्त छन् । यहाँका ऐतिहासिक, धार्मिक, सास्कृतिक, प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण र प्रर्वद्धनप्रति चनाखो भई वर्तमान आवश्यकतालाई सम्बोधन गर्ने किसिमबाट तिनको सदुपयोग गर्न सकिन्छ । केही अवसरहरू निम्नबमोजिम छन् :

- संघीयसरकारको चालु आवधिक योजनामा पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता ।
- पर्यटन उद्योगका लागि आवश्यक पर्ने अध्ययन र तालीमको अवसर सहज ढंगबाट उपलब्ध गराइएमा सो लिनका लागि युवकयुवती स्थानीय स्तरमा उपलब्ध ।
- पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल, दुध र मासु यस वडा र छिमेकी वडाहरूमा उत्पादन हुने भएकाले सरल मूल्यमा उपलब्ध ।
- स्थानीय कृषि उत्पादनको बजारीकरण हुने हुँदा कृषकहरूलाई अवसर ।
- काठमाडौं उपत्यकाका शहरी जनसंख्या यहाँकाडाँडाहरूमा दृश्यावलोकन गर्न र चौरहरूमा पिकनिक गर्न उत्सुक ।
- छोटो, कम खर्चिलो र सुरक्षित हाईकिङको विकास गर्न सकिने अवसर ।
- डाँडाहरूलाई ध्यान एवं योग केन्द्रका रुपमा विकास गर्न सकिने अवसर ।
- बास बस्ने पर्यटकहरूलाई सांस्कृतिक कार्यक्रमहरू देखाउन गुठीहरू तत्पर ।
- नाचगान गर्ने र बाजा बजाउने कलाकार स्थानीय स्तरमै उपलब्ध ।
- स्थानीय हस्तकला, वेशभुषा र संस्कृतिको प्रवर्द्धनको अवसर ।
- होमस्टे शुरुवात गर्न स्थानीय समूदाय इच्छुक ।
- कोभिड पछि पुनः पर्यटन उद्योगले अन्तर्राष्ट्रिय स्तरमा गति लिन थालेकाले त्यसबाट थपअवसरहरू सिर्जना ।

## चुनौतीहरू

कुनै पनि स्थानविशेषको विकास चुनौतीरहित हुन सक्दैन । दक्षिणकालीको पर्यटनको विकासका लागि पनि केही चुनौतीहरू रहेका छन् ।

अज्ञानता नै दुखको ठूलो कारण मानिन्छ । दक्षिणकालीवासीहरूलाई जबसम्म आफ्ना वरिपरिका ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूको महत्वबोध हुँदैन तबसम्म यिनीहरूको विद्यमानताबाट मात्र स्थानीय स्तरमा कुनै आर्थिक लाभ प्राप्त हुँदैन । पर्यटन व्यवसायको विकास, व्यवस्थापन र बिस्तारका सम्भावनाबारेमा स्थानीय राजनैतिक नेतृत्वमा र सांस्कृतिक अभियन्ताहरूमा हिजोआज सामान्य चेतना जागेकोसम्म पाइन्छ तर तुरुन्तै परिणाम देखिने किसिमले ठोस काम केही हुन सकेको छैन । पर्यटनको सम्भावनाबारेमा आम जनमानसमा शिक्षा प्रवाह हुन सकेको छैन । फलस्वरूप मेला,महोत्सव जस्ता क्षणिक आनन्द दिने तर पर्यटनको दीर्घकालीन विकासमा खासै

योगदान दिन नसकिरहेका कार्यक्रमहरूमा समाज अलमलिएर बसिरहेको अवस्था छ । स्थानीय बौद्धिक समुदायमा, विद्यार्थी र अभिभावकहरूमा, निजी क्षेत्रका व्यवसायीहरूमा व्यापक जनचेतना जगाउनु  आवश्यक छ ।

यसपृष्ठभूमिमा वडाको पर्यटन विकास गर्नमा निम्नलिखित चुनौतीहरू देखा परेका छन् :

- वरिपरिका प्राकृतिक, धार्मिक, सांस्कृतिक आकर्षणहरूलाई विश्व बजारमा पुऱ्याउनु र पूरा लाभ लिन सक्नु यस वडाका निम्ति चुनौतीपूर्ण ।
- नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास र प्रर्वद्धन गर्नु चुनौतीपूर्ण ।
- नगरको पर्यटन विकासबारे निर्देश गर्ने आधिकारिक योजनाको अभावमा वडाले शून्यताको अवस्थाबाट काम शुरु गर्नुचुनौतीपूर्ण ।
- वडामा पर्यटन उद्योगको विकासबारेको दीर्घकालीन सोच, नीति, रणनीति बनाउनमा सबै सरोकारवालाहरूको विश्वास प्राप्त गर्नु चुनौतीपूर्ण ।
- सरकारी र निजी क्षेत्रबीच आपसी विश्वासको संकट हुनु ।
- वडाभित्रका पर्यटकीय महत्वका कतिपय स्थानहरू टाढा, बढी उँचाइमा अवस्थित र छरिएका हुँदा पूर्वाधार सेवा पुऱ्याउन खर्चिलो हुनु ।
- शिक्षा र रोजगारीबीचमा तालमेल गराउनु चुनौतीपूर्ण ।
- उद्यमशीलताको विकास हुन समय लाग्नु ।
- युवावर्ग विदेश पलायन हुने क्रम नरोकिनु ।
- पर्यटन र अतिथिसत्कार सम्बन्धी शिक्षा खर्चिलो हुनु र प्राथमिकतामा नपर्नु ।
- जग्गाको मूल्यबृद्धिबाट होटेल, रिसोर्ट आदिको लगानी बढ्ने हुँदा स्थानीय निजी क्षेत्रलाई पर्यटनसम्बन्धी योजनामा लगानीका लागि आकर्षित गर्न कठिनाइ हुनु ।
- बढ्दो शहरीकरणबाट स्थानीय भूबनोट बिग्रनु ।
- जमीनको खण्डीकरणबाट प्राकृतिक सौन्दर्यमा ह्रास आउनु ।
- विकास निर्माणका नाममा हुने गरेको प्राकृतिक र पर्यावरणीय क्षति रोक्न कठिन हुनु ।
- सरकारी निकायहरूबीच नै यथेष्ठ समन्वय नहुनु ।

# ६.वडामा पर्यटन प्रवर्द्धनका सम्भाव्य क्षेत्रहरू

## ६.१ **सम्भाव्य क्षेत्रहरू**

पर्यटन क्षेत्रको योजनाबद्ध र व्यवस्थित विकासबाट अन्य सम्बद्ध क्षेत्रहरूलाई समेत जोड्दै रोजगारीको सृजनाका माध्यमबाट नेपालको समग्र आर्थिक विकास गर्न सकिने कुरा बिभिन्न स्थानहरूका अध्ययनले पुष्टि गरिसकेका छन् ।

पर्यटन क्षेत्रको यथोचित विकास भएमा नै खाद्यान्न, दुधदही, माछामासु, अण्डा, तरकारी, फलफूल, स्थानीय हस्तकलाका वस्तुहरू, स्थानीय कला संस्कृति, रोजगारी र यातायातलगायत बिभिन्न सेवाहरूको माग बढ्ने हुँदा यसबाट पर्यटन उद्यमीका अतिरिक्त स्थानीय कृषकहरू, पशुपंक्षीपालकहरू, घरेलुउद्योग संचालकहरू, यातायात व्यवसायीहरू, बेरोजगारहरू, कलाकारहरू पनि प्रत्यक्ष रूपले लाभान्वित हुनेछन् । फलस्वरुप, देशको कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product) मा पर्यटन क्षेत्रको योगदान त बढ्ने छ नै, यी सबै क्षेत्रमा प्राप्त हुने रोजगारीका अवसर र आयबाट देशको समग्र आर्थिक बृद्धि र प्रति व्यक्ति आयमा पनि सुधार हुने निश्चित छ ।

पर्यटन व्यवसाय एउटा सेवामूलक व्यवसाय हो । यो मूलतः मानव श्रममा आधारित हुन्छ । यसले प्रत्यक्ष रुपमा संलग्न कामदारहरूलाई रोजगारी प्रदान गर्नुका साथै पर्यटनबाहेकका अन्य सम्बद्ध क्षेत्रका व्यक्तिहरूलाई पनि अप्रत्यक्ष रुपमा रोजगारी दिन्छ । अतिथिहरूलाई उच्चस्तरको सेवा प्रदान गरी सन्तुष्टि दिलाउन सक्नु नै यस उद्योगको सफलताको साँचो हो । यस पेशामा सम्बद्ध जनशक्तिमा उच्चस्तरको व्यावसायिक ज्ञान, शीप र सेवाभाव भएमा मात्र अपेक्षित सफलता प्राप्त गर्न सकिन्छ । अग्र पंक्तिमा बसेर अतिथिहरूलाई सेवा प्रदान गर्नेहरूमा यी गुण भएनन् भने अन्य पूर्वाधारहरू भएर मात्र खासै उपलब्धि हुँदैन ।

विश्वका कुनाकुनाबाट नेपाल आउने सम्पूर्ण पर्यटकहरूका भ्रमणका उद्देश्य एकै प्रकारका हुँदैनन् । उनीहरूका उमेर, बसोबास, आर्थिक–सामाजिक–शैक्षिक पृष्ठभूमि, धार्मिक आस्था अनुसार व्यक्तिव्यक्तिका रुचि र गन्तव्य फरक हुने गर्दछन् । धर्मप्रति आकर्षण भएकाहरू धार्मिक स्थलहरूको दर्शन र पूजाआजामा रमाउँछन् भने साँस्कृतिक पक्षमा रुचि भएकाहरू स्थानीय कला–संस्कृति हेर्ने, संग्रहालय भ्रमण गर्ने, चाडपर्व–खानपानमा सरिक हुने, रहनसहन बुझ्ने जस्ता काममा अभिरुचि राख्छन् । विशेष गरी युवावर्गको रुचि स्वच्छ वातावरणमा पदयात्रा, साइकलयात्रा, खानपान, गीतसंगीत आदिमा हुन्छ भने

साहसिक पर्यटन मन पराउनेहरू नेपालजस्तो विविधतापूर्ण भौगोलिक धरातल भएको देशमा राफ्टिङ, क्यानोनिङ, स्किइङ, बन्जीजम्पिङ, प्याराग्लाइडिङ, पर्वतारोहण जस्ता बढी खतरापूर्ण खेलको आनन्द लिन चाहन्छन् ।

दक्षिणकाली नगरमा अनेकौं सांस्कृतिक र धार्मिक सम्पदाहरू विद्यमान छन् । यहाँका अनेकौं प्राचीन सभ्यता, संस्कार, चाडपर्व, मेला-महोत्सव, कला, धर्म र संस्कृतिको विशिष्ट महत्व छ । यी यावत् सम्पदाहरूको उपस्थिति आफैंमा नगरवासीका लागि गौरवको विषय हो । तर यो गौरवलाई त्यतिमै सीमित राखी रमाउनुको साटो यसलाई स्थानीय जनताको आर्थिक विकासको अनुपम अवसरका रूपमा विकास गर्न सकिन्छ भन्ने सोच ब्यापक रूपमा बन्नु जरुरी छ ।

प्रचुर सांस्कृतिक र धार्मिक सम्पदा भएको, विशिष्ट ऐतिहासिक पहिचान बनाएको, राजधानीसँगै जोडिएको, यातायातको सुविधा भएको र चन्द्रागिरी, कीर्तिपुर नगरपालिकालगायत छिमेकी जिल्ला मकवानपुरको सीमानामै रहेको यो क्षेत्र समग्र पर्यटनको विकासको दृष्टिले अत्यन्त सम्भावनायुक्त गन्तव्य हो । पर्यटनको व्यवस्थित विकासको माध्यमबाट आर्थिक समृद्धिको भाग्यरेखा कोर्न सकिने प्रशस्त संभावनाहरू यस नगरपालिकामा देखिन्छन् ।

स्थानीय स्तरको पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको मुख्य भूमिका हुन्छ । तर तिनीहरूको प्रयासले मात्र यो सम्भव हुँदैन, सरकारी स्तरबाट पूर्वाधार निर्माण र सहजीकरण हुनु जरुरी छ । दक्षिणकाली नगरपालिकाका वार्षिक कार्यक्रमहरूमा सडक निर्माणले विशेष प्राथमिकता पाएको छ । त्यस्तै, पछिल्ला वर्षहरूमा फलफूल उत्पादन, कृषि तथा पशु विकासलाई प्राथमिकता दिइएको देखिन्छ । फलफूल खेती बिकास र बिस्तारका कार्यक्रम राखिएको छ । कृषि पेशामा युवाहरूको आकर्षण बृद्धि गर्न युवा स्वरोजगार लक्षित कार्यक्रमहरू संचालन गरिएका छन् । मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहन, व्यावसायिक प्रयोजनका लागि जंगली पशुपंक्षीको फार्म खोल्न प्रोत्साहन, दूध, मासु र फुलमा गुणस्तरीय उत्पादनका लागि कृषकहरूलाई तालीम तथा क्षमता अभिबृद्धि, माछापालनप्रति कृषकहरूलाई आकर्षित गर्न अनुदानमा डेमो फार्म संचालनजस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरू नगरपालिकाले अघि सारेको छ । यी कार्यक्रमहरूले नगरपालिका स्तरमा पर्यटन उद्योगलाई मद्दत पुग्ने अनुमान गर्न सकिन्छ । त्यसो हुँदा वडा नं ९ लगायत नगरका अन्य वडामा पनि पर्यटन उद्योग बिस्तारका लागि अनुकूल वातावरण तयार हुन सक्छ ।

पर्यटकहरू आकर्षित गर्न सर्वप्रथम स्थानीय स्तरमा व्यावसायिकताको विकास हुनु जरुरी छ । उनीहरूको बसोबास र खानपानमा स्तरीय सेवा प्रदान गर्नु अत्यन्त महत्वपूर्ण पक्ष हो । चाहे विदेशी हुन् चाहे स्वदेशी, सबै पर्यटकले स्तरीय सेवाको अपेक्षा गर्छन् । सरोकारवालाहरूले यस कुरालाई मनन गरी पर्यटन व्यवसायको व्यवस्थित रुपले बिकास गर्न प्रोत्साहित गरिदिनुपर्ने हुन्छ । पर्यटन व्यवसायमा बिस्तार भएमा स्थानीय स्तरका कृषि, पशुपालन, फलफूल उत्पादनहरूले उपयुक्त बजार र मूल्य पाउने भई यी तमाम् उत्पादनहरूले स्थानीय अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याउँछन् ।

यस विश्लेषणका आधारमा दक्षिणकाली नगरपालिका वडा नं ९ मा समग्र पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि निम्नबमोजिमका उपक्षेत्रहरूमा केन्द्रित हुनु जरुरी देखिन्छ :

- आन्तरिक पर्यटन
- धार्मिक-सांस्कृतिक पर्यटन
- साहसिक पर्यटन
- ग्रामीण पर्यटन

## ६.२ आन्तरिक पर्यटन

सन् २०२० को शुरुवातदेखि पूरा विश्व नै कोभिडबाट नराम्ररी प्रभावित हुँदा संसारभरिकै अर्थव्यवस्था धराशायी भयो । विश्वकै पर्यटन व्यवसाय जोखिममा पर्दा स्वाभाविक रूपमा नेपाल पनि यसको असरबाट अछुतो रहन सकेन । त्यस वर्षदेखि हालसम्म नै विदेशी पर्यटकहरू नराम्रो गरी घट्ता नेपालको पर्यटन क्षेत्रले ठूलो मार सहनु परिरहेको छ ।

कोभिडपश्चात सन् २०२२ देखि नेपालमा आन्तरिक पर्यटन भने बिस्तारै केही बढेको छ । लामो समयदेखि देशविदेश घुम्न नपाएका विशेष गरी शहरी क्षेत्रका मध्यम आयस्तरका बासिन्दाले कोभिड बिरुद्धको खोप पनि लिइसकेका छन् । यस वर्गका व्यक्तिहरू र परिवारलाई पोखरा, सौराहा, लुम्बिनीलगायतका पर्यटकीय ठाउँहरूले पुनः आकर्षित गर्न थालेका छन् । काठमाडौंवासी नेपालीहरूलाई दक्षिणकालीका धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरूप्रति आकर्षित गराउन सकिने बलियो सम्भावना देखिन्छ । धेरै वैभवले सम्पन्न भएको, धार्मिक-सांस्कृतिक र साहसिक पर्यटनको विकासका सम्भावनै सम्भावना भएको स्थल भएको हुँदा बाह्य पर्यटक नआइरहेको वर्तमान अवस्थामा दक्षिणकालीमा आन्तरिक पर्यटन उद्योगबाट निजी क्षेत्रलाई केही राहत मिल्ने हुन्छ । स्थानीय स्तरको दीर्घकालीन योजनाका माध्यमबाट उद्यमशीलताको विकास, लगानीलाई प्रोत्साहन, सेवाप्रवाहमा गुणस्तरीयताको अभिबृद्धि जस्ता रणनीतिहरू तर्जुमा गरी आन्तरिक पर्यटनलाई व्यवस्थित

गर्न सकियो भने दीर्घकालमा स्थानीय जनताको आयस्तर बढ्न सक्ने अनुमान गर्न सकिन्छ ।

आफ्नो घरआँगनमै रहेका प्रसिद्ध ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, पौराणिक र प्राकृतिक स्थलहरूको संरक्षण गरी तिनलाई आर्थिक विकासका अवसरहरूसँग जोड्ने प्रयासमा स्थानीय सरकार र व्यवसायी केन्द्रित भएमा मात्र पर्यटकीय महत्वका यी सम्पदाहरूबाट स्थानीय जनताले राम्रो आर्थिक लाभ पाउन सक्छन् । नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६–२०२५) ले पनि नेपालमा आन्तरिक पर्यटनको विकासको ठूलो सम्भावना रहेको पुष्टि गरेको छ ।

यस पृष्ठभूमिमा पर्यटन व्यवसायसम्बन्धी ज्ञान र शीप भएका तालीमप्राप्त व्यक्तिहरूको सहभागिता, सक्रियता, निर्देशन र अनुगमनमा स्वस्थकर स्थानीय खानपीन एवं बसोबासको सुनिश्चितता गरिएमा दक्षिणकाली नगरपालिका क्षेत्रमा आन्तरिक पर्यटकको सम्भावना बढेको देखिन्छ । वडा नं ९ मा त पर्यटकलाई आकर्षण गर्न सक्ने अनेकौं स्थल हुँदा आन्तरिक पर्यटनको बिस्तारको बलियो सम्भावना छ । उचित व्यवस्थापन र प्रचारप्रसार भएमा यो वडा राजधानीवासी मध्यमवर्गीय परिवारहरूको आकर्षणको केन्द्र बन्ने सम्भावना छ ।

## ६.३ धार्मिक-सांस्कृतिक पर्यटन

नेपालमा पहिलो पञ्चवर्षीय योजनाकाल (२०१३–२०१८) देखि नै पर्यटन विकासका लागि धार्मिक-सांस्कृतिक सम्पदाको संरक्षण हुनुपर्ने कुरालाई महत्व दिइएको पाइन्छ । त्यसपछिका प्रत्येक योजनामा धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणलाई प्राथमिकतामा राखिएको छ ।

नेपाल सरकारको मौजूदा पर्यटन नीति (२०६५)मा पनि पर्यटन विकासका लागि सांस्कृतिक सम्पदाको संरक्षण तथा विकासमा जोड दिइएको छ । पर्यटन नीतिका ४ वटा उद्देश्यहरूमध्ये एउटामा "देशका मूर्त-अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्यस्थलको रूपमा विकास गर्ने" कुरा स्पष्टसँग उल्लेख गरिएकाले देशको पर्यटन उद्योगको बिस्तारमा सांस्कृतिक सम्पदाको महत्व स्थापित हुन्छ ।

नेपाल आउने कुल विदेशी पर्यटकहरूमध्ये भारतीय पर्यटकको संख्या सबैभन्दा बढी हुने गरेको छ । कोभिडपूर्व पर्यटन व्यवसाय सामान्य रहेको अवस्थाको विश्लेषण गर्दा सन् २०१९ मा नेपाल आएका कुल विदेशी पर्यटक ११,९७, १९१ मध्ये २,५४, १५० (२१.२प्रतिशत) त भारतीय मात्र थिए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

मन्त्रालयबाट प्रति वर्ष प्रकाशित हुने वार्षिक तथ्यांकमा हवाई मार्ग तथा स्थल मार्गबाट आएका अन्तर्राष्ट्रिय पर्यटकहरू समावेश गरिएका हुन्छन् भने भारतीयका हकमा हवाई मार्गबाट आएकाको मात्र गणना गरिएको हुन्छ । हवाई मार्गबाट आएका भारतीय पर्यटकभन्दा पाँच गुणा बढी त्यस देशका पर्यटक स्थलमार्गबाट आउने गरेको कुरा सोही मन्त्रालयबाट सन् १९१८ मा प्रकाशित एउटा अध्ययन प्रतिवेदनमा जनाइएको छ । यी दुवै मार्ग गरी नेपाल आउने भारतीय पर्यटकहरूको संख्या बर्सेनि बढिरहेको छ । यीमध्ये ठूलो संख्या धार्मिक पर्यटनमा आएका हुन्छन् ।

दक्षिणकाली नगरपालिका क्षेत्रमा अवस्थित श्री दक्षिणकाली माताको महिमाबारे सर्वप्रथम त देशभरिकै आन्तरिक पर्यटकहरूमा प्रचारप्रसार गर्नु जरुरी छ । त्यसका अतिरिक्त यस क्षेत्रमा रहेका अन्य देवीदेउता र चाडपर्वबारेमा काठमाडौं उपत्यकामा बसोबास गर्ने ठूलो जनसंख्यालाई आकर्षित गर्न लक्षित प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्नु जरुरी छ । त्यस्तै, भारतबाट श्री पशुपतिनाथको दर्शन गर्न आउने धार्मिक पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सकिएमा यस नगरपालिका क्षेत्रमा धार्मिक-सांस्कृतिक पर्यटन प्रवर्द्धनको अत्यन्त ठूलो सम्भावना देखिन्छ । पर्यटन व्यवसायमा प्रत्यक्ष रुपमा निजी क्षेत्रको संलग्नता हुने हुँदा प्रवर्द्धनात्मक कार्यका लागि नगरपालिकाबाट निजी क्षेत्रलाई उदारतापूर्वक प्रोत्साहित गरिनु पर्दछ ।

त्यस्तै, यस नगरमा अनेकौं सानाठूला बौद्ध गुम्बाहरू छन् । खार्पा, हुँडु, हुमाने र लामागाउँ गरी चारवटा गुम्बा त यसै वडामा छन् । तीमध्ये कतिपयमा भिक्षुहरूलाई बौद्ध धर्म र दर्शनबारेमा औपचारिक शिक्षा पनि प्रदान गरिन्छ । यी विषयमा रुचि राख्ने विदेशी पर्यटकहरूलाई निजी क्षेत्र मार्फत ती गुम्बाहरूको भ्रमणमा आकर्षित गर्न सकियो भने उनीहरूको बसाइ लम्बिन गई समग्र नगरकै पर्यटनको प्रवर्द्धनमा सघाउ पुग्ने छ ।

## ६.४ साहसिक पर्यटन

सन् १९४१ मा बेलायती सर्भेयर जनरल जर्ज एभरेस्टले नेपाली हिमश्रृङ्खलाको एउटा चुलीलाई विश्वकै सबैभन्दा अग्लो स्थान भनी चिनाएपछि हिमालमा रुचि राख्ने विश्वभरिकै साहसिक पर्यटकहरूका लागि यो देश एउटा गन्तव्यका रुपमा स्थापित भएको छ । तथापि, त्यस बखतमा नेपालमा राणा शासन व्यवस्था रहेको हुँदा र यातायातका पूर्वाधारहरूको विकास शून्यप्राय: रहेको हुँदा विदेशी पर्यटकहरूको आवागमन सजिलो थिएन । सन् १९५१ मा देशमा प्रजातन्त्र आएपछि नेपालका भौगोलिक सीमाहरू विदेशीहरूका लागि खुला गरिएका हुन् । सन् १९५३ मा न्युजिल्यान्डका एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गेले त्यही सर्बोच्च चुचुरा सगरमाथाको सफल

आरोहण गरेपछि यो देश पर्वतारोहणका लागि संसारभरिकै आकर्षणको केन्द्र बनेको छ । पछिल्लो कालखण्डमा पर्वतारोहणका अतिरिक्त पदयात्रा, जङ्गल सफारी, शिकार, राफ्टिङ, क्यान्योनिङ, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, प्याराग्लाइडिङ जस्ता साहसिक पर्यटनमा रुचि राख्ने विशेष गरी पश्चिमी देशहरूका युवकयुवती नेपाल आउन थालेका छन् ।

हिजोआज नेपाली युवावर्गमा पनि आन्तरिक पर्यटनप्रतिको चाख बढेर गएको पाइन्छ । उनीहरूमा पदयात्राप्रति रुचि बढेको पाइन्छ । विशेष गरी काठमाडौं उपत्यकावासी युवावर्गमा छेउछाउका ठाउँको भ्रमणमा जाने, खुला ठाउँमा पदयात्रा गर्ने, एक रात वास बस्ने चलनको विकास भएको देखिएको छ । त्यस्ता पर्यटकका लागि दक्षिणकाली उपयुक्त गन्तव्य हुन सक्छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र नेपाल पर्यटन बोर्डको सहभागितामा संचालित जीविकोपार्जन पुनरुत्थानका लागि दीगो पर्यटन परियोजना (Sustainable Tourism for Livelihood Recovery Project STLRP) को सहयोगमा चन्द्रागिरीको बेस स्टेशनदेखि दक्षिणकालीको बोसन डाँडासम्मको १५ किलोमिटर लामो साइकल मार्ग निर्माण कार्य भरखरै सकिएको छ । त्यस मार्गमा उकालोओरालो कम भएका कारण साइकलयात्रा (Cycling)का लागि उपयुक्त भएकाले नगरपालिकाले चासो लिनुपर्ने हुन्छ ।

नेपाली युवकयुवतीको साहसिक पर्यटनप्रतिको आकर्षण बढेर गएको तथ्य विश्लेषण गर्दा दक्षिणकाली नगरपालिका क्षेत्रमा अग्लाअग्ला डाँडा र रमणीय पदमार्गहरू भएका, राजधानीबाट नजिक रहेको र आउनजान सडकको राम्रो व्यवस्था भएको हुँदा विशेष गरी पदमार्गमा रुचि हुने आन्तरिक पर्यटकलाई सप्ताहान्तमा यहाँ आकर्षित गर्न सकिन्छ ।

## ६.५ ग्रामीण पर्यटन

ग्रामीण पर्यटनमा भ्रमणकर्ताले शहरको भीडभाडबाट केही परको प्राकृतिक वातावरणमा संलग्न भएर स्थानीय कृषि, ग्रामीण जनजीवन र संस्कृतिको प्रत्यक्ष अवलोकन गर्न पाउँछ । यस किसिमको पर्यटनबाट एकातिर वातावरण तथा संस्कृतिको संरक्षण, स्थानीय प्राकृतिक सम्पदाको सदुपयोग र रोजगारीको सिर्जना भई स्थानीय जनसंख्यालाई प्रत्यक्ष प्रभाव पार्दछ भने पर्यटकले कम जनघनत्वको, जमीनमा कृषि र वनजंगलको बाहुल्य भएको एउटा छुट्टै वातावरणमा रहेर परम्पागत सामाजिक संरचना र जीवनपद्धतिलाई नजिकबाट अनुभव गर्दै आरामदायी बास र स्वादिष्ट स्थानीय भोजनको आनन्द लिन पाउँछ ।

मौजुदा पर्यटन नीति २०६५ का उद्देश्यहरूमध्ये पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्नु पनि एउटा रहेको छ। पर्यटन उद्योगबाट हुने लाभलाई ग्रामीण तहसम्म पुऱ्याउन सकिएमा मात्र ठूलो जनसंख्या लाभान्वित हुने हुँदा यस नीतिले ग्रामीण पर्यटनका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार हुने अपेक्षा गरेको छ।

पछिल्ला वर्षहरूमा नेपालका शहरबासीहरूमा गाउँतिर घुम्न जाने प्रबृत्ति बढेको छ। दक्षिणकाली नगरपालिका वडा नं ९ साबिकको टल्कु डुँडेचौर गाबिसका सम्पूर्ण नौ वटा वडा मिलेर बनेको हुँदा यस वडामा ग्रामीण भेग प्रशस्त छन्। राजधानीबाट नजिक रहेको यस वडाका ग्रामीण क्षेत्रमा स्थानीय खाना, रहनसहन, संस्कृति आदि बारेमा प्रत्यक्ष अनुभव गर्न सकिने हुन्छ। यो यथार्थ बुझेर वडाभित्रको ग्रामीण परिवेशमा उपत्यकाका तीन ठूला शहरहरू काठमाडौं, ललितपुर र भक्तपुरका परिवारहरूलाई लक्षित गरी भ्रमणका कार्यक्रमहरू राख्न सकिएमा यस स्थानमा ग्रामीण पर्यटनको सम्भावना देखिन्छ। हरदम ख्याल गर्नुपर्ने कुरा चाहिँ के हो भने व्यापार व्यवसाय गर्ने जिम्मेवारी निजी क्षेत्रलाई छाडिदिनुपर्ने हुन्छ र सरकारले यसका लागि उपयुक्त वातावरण बनाई सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

# ७ निष्कर्ष र सुझावहरू

## ७.१ निष्कर्ष

काठमाडौं उपत्यकाको दक्षिणी द्वारका रूपमा रहेको, संघीय राजधानी काठमाडौंसँग जोडिएको, अनेकौं ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूले सम्पन्न दक्षिणकाली नगरपालिका क्षेत्रमा धार्मिक तथा सांस्कृतिक पर्यटन, साहसिक पर्यटन र ग्रामीण पर्यटनको सम्भाव्यता प्रबल देखिन्छ । पर्यटन व्यवसायको प्रवर्द्धनका बारेमा स्थानीय राजनैतिक नेतृत्वमा हिजोआज केही सामान्य स्तरको चेतना जागेकोसम्म पाइए पनि यसको योजनाबद्ध विकास, व्यवस्थापन र बिस्तारबारेमा गहिरिएर सोच राखेको देखिँदैन । सांस्कृतिक अभियन्ताहरूमा र आम जनमानसमा प्रभावकारी ढंगबाट शिक्षा प्रवाह हुन सकेको छैन । धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू हुँदैमा पर्यटनको विकास आफैं हुने होइन । यसका लागि योजनाबद्ध ढंगबाट काम गरिनु पर्दछ । त्यसो भएमा मात्र यस क्षेत्रमा पर्यटनको विकासका रूपरेखाहरू क्रमश देखा पर्दै जानेछन् ।

दिगो तथा उत्तरदायी पर्यटन विकासका लागि स्थानीय जनताको क्षमता अभिवृद्धि गर्नु अर्को आवश्यक पक्ष हो । अहिले स्थानीय स्तरमा उद्यमशीलता र व्यावसायिकताको समुचित विकास भइनसकेको अवस्था छ । यसका लागि आधुनिक विषयगत ज्ञान एवं व्यवसाय अनुरुपको दक्षता र शीप आवश्यक पर्दछ । त्यसका साथसाथै पूर्वाधारको विकास हुनुपर्दछ । व्यवस्थित तरिकाबाट पर्यटन क्षेत्रको विकास गरेर एउटा ब्रान्ड बनाई स्वदेशका साथसाथै विदेशमा त्यसको बजार बिस्तार गर्न सकिन्छ । बढी रकम खर्च गर्ने विदेशी पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सकिने पर्याप्त सम्भावना छ । त्यसो भएमा दक्षिणकाली नगरपालिकामा पर्यटन क्षेत्रमा उच्च आयआर्जन हुने रोजगारीका प्रशस्त अवसरहरू सिर्जना गर्न त सकिनुका साथै कृषि, उत्पादनमूलक उद्योगहरू, हस्तकला उद्योग, ब्यापार, निर्माण, यातायात आदि गैर पर्यटन क्षेत्रमा कार्यरत स्थानीय समुदायका घरपरिवारहरूलाई पनि लाभान्वित बनाउन सकिन्छ । यसका लागि स्थानीय सरकारको सहजीकरण र निजी क्षेत्रको नेतृत्वदायी भूमिका अपरिहार्य हुन्छ ।

देशको वर्तमान पर्यटन नीति (२०६५) ले ग्रामीण पर्यटन र आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको महत्वपूर्ण क्षेत्रका रूपमा अघि बढाएको छ । दक्षिणकाली नगरपालिका

क्षेत्रमा पर्यटन व्यवसायको प्रवर्द्धनका लागि मुख्यतः व्यावसायिकताको विकास राम्ररी हुन नसकेकोले यस सोचको सफल कार्यान्वयन हुन नसकेको हो ।

## ७.२ सुझावहरू

वडा तथा नगरभित्रका धार्मिक, सांस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदा संरक्षण र तिनका माध्यमबाट स्थानीय पर्यटन उद्योगको व्यावसायिक विकासका लागि दक्षिणकाली नगरपालिका कार्यालय, स्थानीय सरोकारवाला वर्ग र निजी क्षेत्रले आआफ्ना तर्फबाट र साझेदारीमा गर्न सकिने निम्नलिखित कामहरू पहिचान गरिएका छन् । सरोकारवाला निकायहरूद्वारा उल्लिखित विषयहरूमा उचित ध्यान पुऱ्याई तदनुसारका कार्यक्रमहरू संचालन गरिनु पर्दछ ।

### *क) नगरपालिकाबाट पहल गरिनु पर्ने कामहरू*

स्थानीय सरकारबाट समष्टिगत पर्यटन योजना तर्जुमा, पूर्वाधारको बिकास, संघीय सरकारसँग समन्वय, निजी क्षेत्रसँग समन्वय, स्थानीय योग्य र सम्भावनायुक्त युवायुवतीलाई अर्थशास्त्र, पर्यटन र अतिथिसत्कार व्यवस्थापन विषयहरूको औपचारिक अध्ययन र तालीमका अवसर प्रदान, आफ्नो स्थानविशेषको प्रचारप्रसारमा उचित सहयोग भयो भने मात्र निजी क्षेत्र फस्टाउन सक्छ । आगामी १०–१५ वर्षको दूरदृष्टिसहितको बिस्तृत पर्यटन विकास योजना तयार गरियो भने सबै सरोकारवालाहरूलाई आआफ्ना भूमिका प्रष्ट हुने र यी लगायतका अन्य कैयौं महत्वपूर्ण विषयहरूबारेको जानकारी पारदर्शी ढंगबाट र संस्थागत हिसाबबाट स्वतः प्राप्त हुनेछ । बुद्धिमतापूर्ण सोच र व्यवस्थित ढङ्को कामगराइ हुने हो भने वडा नं ९ मात्र होइन प्राचीन नगरी फर्पिङलगायत सम्पूर्ण दक्षिणकाली नगरपालिका क्षेत्रलाई पर्यटक आकर्षकको केन्द्र बनाउन सकिने कुरामा विश्वस्त हुन सकिने आधारहरू प्रशस्त छन् ।

यस सम्बन्धमा निम्नलिखित कार्यहरूमा नगरपालिकाको प्रत्यक्ष सहभागिता अपेक्षा गरिएको छः

### ७.२.१ भौतिक पूर्वाधार बिकास

पर्यटन क्षेत्रको बिकासका लागि भौतिक पूर्वाधारको विकास पूर्वशर्त नै हो । पर्यटकहरूलाई बाटोघाटो, पुलपुलेसा, विद्युत, संचारका सुविधाहरू उपलब्ध हुनु पर्दछ । यस्ता सुविधाको निरन्तर उपलब्धता र स्तरोन्नतिमा स्थानीय सरकारले सुक्ष्म ढंगबाट अनुगमन गर्नुपर्दछ । भौतिक पूर्वाधार बिकासतर्फ निम्नलिखित कार्य गर्न सिफारिश गरिएको छ :

- हाल प्राचीन दक्षिणकाली मन्दिरको पुनर्निर्माण भइरहेको तर पर्यटकलाई त्यहाँसम्म पुऱ्याउने मोटरबाटो कच्ची छ । अतः हात्तीगौंडादेखि सो मन्दिर हुँदै भुण्डोलसम्म करिब ३ किलोमिटर लामो सडकमा कालोपत्रे गर्ने काम तत्कालै गरिनु पर्ने ।
- वडाका बिभिन्न आकर्षक स्थलहरूमा पुग्ने पदमार्गहरू (खार्पादेखि बाणासुर, बाणासुरदेखि चम्पादेवी, टल्कुदेखि डाँडीखेल, लामागाउँबाट हुमाने हुँदै चौकोटदेवी आदि) मा पर्यटक पदयात्रीहरूका लागि प्रत्येक ५०० मिटरको दूरीमा विश्रामस्थल निर्माण गरिनु पर्ने ।
- भुण्डोलको रमणीय चौरमा पर्यटक पदयात्रीहरूका लागि पानी, बत्तीको सुबिधा पुऱ्याई टहराहरू (sheds), शौचालय, बेन्चहरू निर्माण गरिनु पर्ने । टहराहरू निर्माणमा छ्वाली, खरजस्ता स्थानीय सामग्रीको प्रयोग गर्ने ।

  पर्यटकहरूलाई हात्तीवन रिसोर्टबाट माथि डाँडैडाँडा हुँदै हुमाने भन्ज्याङ भएर दक्षिणकाली मन्दिरका छेउसम्म केबुलकारबाट दृश्यावलोकन गराउन सकिने प्रारम्भिक सम्भावना देखिन्छ । साथै यात्रुहरूको सुविधालाई मध्यनजर गरी ठाउँठाउँमा service centre को अवधारणामा स्टेशन राख्ने व्यवस्था गर्ने । यसका अतिरिक्त, माथि केबलकार मार्ग, तल साइक्लिङ मार्ग (cycling path) को विकास गर्न तत्सम्बन्धी विज्ञहरूबाट बिस्तृत प्राविधिक अध्ययन गरिनु पर्ने ।

## ७.२.२ उद्यमशीलता विकास

दिगो तथा उत्तरदायी पर्यटन विकासका लागि जनताको क्षमता अभिवृद्धि गर्नु जरुरी छ । यसका लागि स्थानीय स्तरमा उद्यमशीलताको विकास आधारभूत तत्व हो । नेपाली समाजमा युवाहरूमा आफ्ना भौगोलिक क्षेत्रमा कुन कुन मौलिक व्यवसाय गर्न सकिन्छ, कुन कुन पेशाको सम्भावना छ, ती कामका लागि कुन प्रकारका ज्ञान र शीप आवश्यक पर्दछन् जस्ता कुराहरूको खोजीनिति गर्ने, पहल गर्ने संस्कारको विकास राम्ररी भइसकेको छैन । सम्भाव्यता अध्ययन नगरी देखासिकीमा काम गरेर पूँजी डुबाउने अनेकौं उदाहरण समाजमा यत्रतत्र देखिन्छन् । त्यस्ता उदाहरणका आधारमा नयाँ कामलाई सधैं जोखिमपूर्ण मान्ने प्रबृत्ति छ । घरपरिवारबाट पनि कुनै जोखिम नभएका साधारण काममा मात्र सन्तानलाई प्रोत्साहित गरिने चलन छ ।

यस्तो अवस्थामा पर्यटन क्षेत्रको समग्र विकासका लागि युवावर्गमा उद्यमशीलताको विकास हुनु आवश्यक छ । यसका लागि नगरपालिकाले सरकारी वा गैरसरकारी

निकायहरूसँग पहल गरी युवाहरूलाई उद्यमशीलताको विकासका लागि आवश्यक ज्ञान, शीप उपलब्ध गराइदिएमा सकारात्मक वातावरण तयार हुन सक्छ ।

### ७.२.३ जनशक्ति बिकास

नेपालमा पर्यटन क्षेत्रको यथोचित विकास हुन नसक्नुका प्रमुख कारक तत्वहरूमध्ये गुणस्तरीय जनशक्तिको अभाव पनि एक हो ।

पर्यटनको बिकास आफैं हुने होइन, यो सम्भव गराउन शिक्षित, प्रशिक्षित र उत्प्रेरित उच्चकोटिको जनशक्ति आवश्यक पर्छ । पर्यटन व्यवसाय स्वाभाविक रूपमा सेवामूलक व्यवसाय हो । अतिथिहरूलाई उच्चस्तरको सेवा प्रदान गर्न सक्नु नै यस उद्योगको सफलताको साँचो हो । अन्तर्राष्ट्रिय बजारमा पुगी यथेष्ट प्रचारप्रसार गरेर धेरै रकम खर्च गर्न सक्ने पर्यटक (high end tourists) हरू ल्याउनु कठिन काम हो । आएका अतिथिहरूलाई भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्नु अर्को चुनौती हो । यी दुबै काममा उच्चस्तरको ज्ञान र शीप भएका, आफ्नो पेशाव्यवसायप्रति पूर्ण रूपमा समर्पित र अभिप्रेरित (motivated) जनशक्ति स्थानीय बजारमा मौजूद रहनु आवश्यक हुन्छ । त्यस प्रकारको जनशक्ति स्थानीय स्तरमा नै विकास भएमा काममा दीगोपन हुनेछ ।

हाल स्थानीय स्तरमा यो चेतनाको विकास नभएका कारण र स्थानीय सरकारले पनि युवावर्गलाई यस कार्यमा कुनै प्रकारले प्रोत्साहित नगरेकाले उनीहरूमा यो पेशा र यस विद्याप्रति आकर्षण बढ्न सकेको छैन । यस सम्बन्धमा निम्नबमोजिमका कार्यक्रमहरू सिफारिश गरिन्छ :

- पर्यटन विषयमा विद्या आर्जन गरी त्यसैलाई पेशा बनाएमा घरआँगनमा नै सम्पन्नतासाथ र सम्मानित तवरबाट जीवनबृत्ति चल्छ भन्ने कुराको ज्ञान राजनैतिक नेतृत्वतहमा, विद्यार्थीहरूमा, अभिभावकगणमा र शिक्षकहरूमा प्रवाह गर्नका लागि तत्समबन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने,
- आफ्नो ठाउँ प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक हिसाबले महत्वपूर्ण रहेको र यस्ता ठाउँमा पर्यटन व्यवसाय फस्टाउन सक्ने कुराको ज्ञान स्थानीय बालबालिकालाई सानै उमेरदेखि दिइएमा उनीहरूमा गहिरो प्रभाव पर्ने हुँदा यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा माध्यमिक तहदेखि पर्यटन विषयलाई पाठ्यक्रममा समावेश गराउने,

- जेहनदार, राम्रो शैक्षिक पृष्ठभूमि भएका र आफ्ना घरगाउँमै बसेर यस विषयलाई जीवनबृत्ति बनाउन इच्छुक स्थानीय युवकयुवतीलाई पर्यटन तथा अतिथि सत्कार

व्यवसायमा प्रोत्साहित गर्न नगरपालिकाभित्रका उच्चमाध्यमिक विद्यालयहरूमा प्लस टु तहमा पर्यटन तथा होटेल व्यवस्थापन विषयको पढाइ संचालनका लागि पहल गर्ने,

- सरकारी क्षेत्रको स्तरीय शैक्षिक संस्था नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग समन्वय गरी प्रतिष्ठानबाट प्रदान गरिने निम्नलिखित विषयका घुम्ती तालीमका कार्यक्रम नगरपालिका क्षेत्रमा आयोजन गर्ने:

✓ साना होटल तथा लज व्यवस्थापन

✓ होमस्टे

✓ स्थानीय गाइड

- पढाइमा सफलताको राम्रो संभावना पुष्टि भएका, उद्यमशीलतामा रुचि राख्ने, पछि स्थानीय स्तरमा नै पर्यटन व्यवसाय शुरु गर्न चाहने घटीमा २ जना युवकयुवतीलाई प्रत्येक वर्ष नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानमा पर्यटन तथा अतिथि सत्कार विषयमा स्नातक तहमा अध्ययन गर्न छात्रबृत्ति नगरपालिकाबाट प्रदान गर्ने ।

### ७.२.४ होमस्टेको प्रवर्द्धन

समुदायमा आधारित उद्यम विकासका माध्यमबाट गैर पर्यटन क्षेत्रमा कार्यरत स्थानीय समुदायका घरपरिवारहरूलाई पर्यटनमा रोजगारीका अवसरहरू बढाउन होमस्टेको प्रवर्द्धन एउटा प्रभावकारी माध्यम हुन सक्छ । यसबाट रोजगारीको सिर्जना, वस्तु उत्पादन तथा व्यापार, सेवा खरिद आदिका माध्यमबाट पर्यटनमा स्थानीय समुदायको सहभागिता बढाउने अवसरहरू प्राप्त हुनेछन् ।

दक्षिणकाली नगरपालिका क्षेत्रभित्र पर्यटनको विकास गर्न सामूदायिक होमस्टेलाई एउटा भरपर्दो माध्यम बनाउन सकिन्छ । सामुदायिक होमस्टे संचालन र प्रवर्द्धनका निम्ति हालसम्म स्थानीय स्तरमा कुनै पहल भएको देखिँदैन । गाउँटोलमा सेवासुविधा उपलब्ध गराउन स्थानीय समूदायलाई परिचालित/प्रोत्साहित गरिनुपर्दछ । अत: होमस्टेको माध्यमबाट स्थानीय समूदायका संस्कृति, नाचगान, उत्पादित कृषिजन्य वस्तुहरू र पशुपंक्षीहरूको व्यावसायिक उत्पादनका माध्यमबाट खानपानको प्रवर्द्धन गर्नका लागि निम्नबमोजिम गर्न सिफारिश गरिएको छ :

- वनजंगलको माझमा रमणीय ठाउँमा रहेको गाउँ डाँडीखेलको तामाङ बस्तीमा होमस्टे संचालनका लागि नगरपालिकाको सहयोगमा समूह गठन गर्ने,
- नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान र तारागाउँ विकास समितिसँग सहकार्य गरी स्थानीय व्यक्तिहरूलाई होमस्टे संचालनसम्बन्धी तालीम समय-समयमा दिने,
- समूहका युवाहरूको ज्ञानको दायरा फराकिलो बनाउन नेपालमा होमस्टे संचालनमा केही सफलता प्राप्त गरिसकेका स्थानहरू अमलटारी, सिरुबारी, बन्दीपुर आदिको अवलोकन भ्रमण गराउने र त्यहाँका असल अभ्यासहरूलाई अनुसरण गर्ने,
- यस वडाभित्र निर्माण गरिएका बिभिन्न पदमार्गका छेउछाउमा तामाङ, गुरुङ, बलामी बस्तीहरूमा गाउँलेहरूलाई सरसफाइको तालीम, सामूदायिक होमस्टे संचालन तालीमको व्यवस्था गरिदिने,
- टल्कुमा ब्राह्मण र क्षेत्रीहरूको बसोबासमा निजी होमस्टेका माध्यमबाट ग्रामीण पर्यटनको विकास गर्ने,
- समग्र दक्षिणकाली नगरपालिका क्षेत्रमा होमस्टे व्यवसायको संभाव्यताबारे बिस्तृत जानकारी लिई सम्भाव्य वडाहरूमा त्यसको प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टेसम्बन्धी अध्ययन अनुसन्धान तत्काले गर्ने,

### ७.२.५ पर्यटकीय सम्पदाहरूको संरक्षण

स्थानीय स्तरमा भएका ऐतिहासिक मठमन्दिर, गुम्बा, कलासंस्कृति, भेषभूषा, वनजंगल, नदीनालालाई बिग्रिन, मासिन नदिई जोगाएर राख्न सकिएमा मात्र ती हेर्नका लागि पर्यटक आउने हुन्छन् । यस सम्बन्धमा निम्नबमोजिमका कार्यक्रमहरू सिफारिश गरिएको छ :

- दक्षिणकाली नगरपालिकाले पुरातात्विक मठमन्दिर र कला- संस्कृतिको संरक्षणमा गरिरहेको सहयोग कार्यमा अझ प्रभावकारिताका लागि स्थानीय समूदायको सहभागितामा सम्पदाहरूको संरक्षण गर्ने कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने,
- पुराना धरोहरहरू, संरचनाहरू, वास्तुकलाका निधिहरूलाई कसरी रक्षा गर्ने भन्ने स्पष्ट नीति बनाउनु पर्ने,

### ७.२.६ सहजीकरण

नेपालको वर्तमान पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) ले स्थानीय स्तरमा पर्यटनको बिकासका लागि निम्नलिखित महत्वपूर्ण नीतिहरू लिएको छः

- सार्वजनिक-निजी-सहकारी साझेदारीमा आधुनिक पर्यटन पूर्वाधार विकास, बजारीकरण र प्रवर्द्धन गर्ने,
- निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय गन्तव्य स्थल पहिचान, विकास तथा विविधीकरण गर्ने ।
- पर्यटनबाट हुने लाभलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।

यी नीतिको कार्यान्वयनका क्रममा स्थानीय स्तरमा पर्यटन क्रियाकलापको बिकास र पर्यटक सुबिधा बिस्तार गरी दीगो ढंगबाट पर्यटन व्यवसायको प्रवर्द्धन गर्नका लागि निजी क्षेत्र र सामूदायिक क्षेत्रलाई व्यावसायिक रूपमा सक्षम बनाउनु पर्ने हुन्छ । यस्ता कार्यका माध्यमबाट वडा र सम्पूर्ण नगरपालिका क्षेत्रकै पर्यटन प्रवर्द्धनमा नगरपालिकाले सहजीकरण गरिदिने ।

### ७.२.७ प्रवर्द्धन र प्रचार-प्रसार

वडाको पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता र आर्थिक लाभका लागि स्थानीय पर्यटन व्यवसायीहरूलाई उत्प्रेरित गर्ने अनेकौं उपायहरूमध्ये व्यवसायको प्रवर्द्धन र प्रचार प्रसारमा संस्थागत माध्यमबाट सहयोग गर्नु पनि हो ।

आजको युग समुन्नत संचार, प्रविधि र विश्वव्यापीकरणको हो । संचार र प्रविधिका माध्यमबाट यहाँ विद्यमान सम्पदाहरूलाई स्वदेशी र विदेशी पर्यटक सामू पुऱ्याइएमा स्थानीय स्तरमा पर्यटन उद्योगको विकासका लागि अनेकौं सम्भावनाका ढोका खुल्न सक्छन् ।

स्थानीय स्तरमा व्यवसायिकताको बिकास सँगसँगै पर्यटनका आकर्षणहरूबारे प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरिएमा मात्र पर्यटक भित्रिन सक्ने हुँदा त्यसका लागि नगरपालिकाले नेपाल पर्यटन बोर्ड र पर्यटन क्षेत्रका व्यावसायिक छाता संगठनहरू (ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान), होटेल एसोसिएसन अफ नेपाल (ह्यान), नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् (नाटा), रेस्टुरेन्ट एण्ड बार एसोसिएसन अफ नेपाल (रेबान) आदिसँग समन्वय गरी प्रचार प्रसार र अन्य प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।

प्राचीन सम्पदा, संस्कृति, जात्राहरू, पर्वहरूको महत्वको अध्ययन गरी तिनको दस्तावेजीकरण र प्रचार प्रसारको सम्वन्धमा फोटोहरू संकलन गरी एल्बम बनाएर प्रचार प्रसार गरिनु आवश्यक छ । हरिशंकर जात्रा लगायत अन्य महत्वपूर्ण भौतिक–अभौतिक सम्पदाहरूको बुकलेट, ब्रोसर, वेबसाइट तयार गरी प्रचार गरिने लक्ष्य,कार्यक्रम र बजेट नगरपालिकाबाट राखिनु जरुरी छ ।

### ७.२.८ भगिनी सम्बन्ध स्थापना

यस नगर क्षेत्रलाई देश तथा बिदेशमा चिनाउन अन्य स्वदेशी तथा विदेशी नगरपालिकाहरूसँग अन्तरनगर भगिनी सम्बन्ध स्थापना गर्ने कार्यले पर्यटन क्षेत्रको विकासमा सहयोग पुऱ्याउने हुँदा यसबारे विशेष ध्यान दिनु पर्ने हुन्छ ।

### ७.२.९ पर्यटक सूचना केन्द्र स्थापना गर्ने

अन्तर्राष्ट्रिय पर्यटकले नेपाल आउनुअघि यहाँका प्रमुख पर्यटकीय महत्वका गन्तब्यहरूका बारेमा आधिकारिक निकायबाट जारी भएका सूचनाहरू हेर्ने र जानकारी प्राप्त गर्ने गर्छन् । दक्षिणकाली नगरपालिका क्षेत्रका बारेमा यथेष्ट आधिकारिक सूचनाका अभावमा नेपालको पर्यटन मानचित्रमा यसको स्थान हाल शून्य नै छ । उपत्यकाकै काठमाडौं, ललितपुर र भक्तपुर नगरपालिकाहरूले आफ्ना प्राचीन संस्कृति र सम्पदाको प्रचारप्रसार गरेर विश्व पर्यटन बजारमा स्थान बनाउन सकेका छन् तर यहीँ अवस्थित दक्षिणकालीले स्वदेशी पर्यटक, भारतीय पर्यटक र अन्य विदेशी पर्यटकका लागि जानकारीमूलक ब्रोस्योर, पर्चा, पम्प्लेट, पोस्टर, भिडियो सामग्री आदि तयार गरेको नदेखिएको हुँदा यो स्थान विदेशी पर्यटकका बीच मात्र होइन स्वदेशी र भारतीयहरूबीच पनि केही अपरिचित अवस्थामै छ ।

त्यस्तो अवस्थामा पनि नगरपालिका क्षेत्रको भ्रमणमा आएकाविदेशी पर्यटकहरूलाई नगरका पर्यटकीय स्थलहरू बारेमा आधारभूत कुराहरूको जानकारी उपलब्ध गराउन नगरको केन्द्रमा एउटा पर्यटक सूचना केन्द्र स्थापना गर्नु उपयोगी हुन्छ ।

### ७.२.१० पर्यटक तथ्यांक संकलन

पर्यटनसम्बन्धी कुनै पनि नयाँ कार्यक्रम लागु गर्नुपर्दा तत्सम्बन्धी आधारभूत तथ्याङ्क र जानकारीहरू आवश्यक पर्ने हुन्छ । पर्यटनको उद्देश्य लिई दक्षिणकाली नगरपालिका क्षेत्रमा आउने स्वदेशी र बिदेशी यात्रुहरूको तथ्यांक संकलन गरी यथार्थ बिबरण राख्ने र अद्यावधिक गर्ने पद्धति बनाउनु जरुरी छ ।

## ७.२.११ प्रभावकारी संयोजन

दक्षिणकालीमा समग्र पर्यटन विकास र विशेष गरी धार्मिक र सांस्कृतिक पर्यटन बिकाससम्बन्धी कार्यक्रमहरूलाई तीब्र गतिमा अघि बढाउन  नगर कार्यपालिकाले आफैं गर्ने कामका अतिरिक्त संघीय र प्रदेश सरकार तथा छिमेकका कार्यपालिकाहरूसँग प्रभावकारी ढङ्गको संयोजन आवश्यक हुन्छ । व्यवस्थित ढंगबाट काम गरिएमा मात्र नगरबासीहरूले चाँडै प्रत्यक्ष लाभ लिन सक्ने वातावरण तयार हुने हुँदा निम्नबमोजिमका कार्यहरू गर्न सिफारिश गरिएको छ :

- संघीय सरकारका निकायहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन बिभाग तथा नेपाल पर्यटन बोर्डको निकट सम्पर्कमा रही ती निकायहरूका कार्यक्रमहरूबाट के कसरी फाइदा लिन सकिन्छ निरन्तर रुपमा जानकारी प्राप्त गर्ने र सहकार्यका लागि पहल गर्ने,
- यस नगरपालिकासँग सीमाना जोडिएका र ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय महत्वका स्थानहरू कीर्तिपुर र चन्द्रागिरी नगरपालिकातथा इन्द्रसरोबर गाउँपालिकालगायतसँग समन्वय गरी तिनीहरूसमेतको सहभागितामा एकीकृत प्रवर्द्धनात्मक कार्यक्रमबारे विचारविमर्श गर्ने,
- पर्यटन व्यावसायीहरूका छाता संगठनहरू (HAN, TAAN, NATTA, REBAN) आदि)सँग पनि समन्वय गरी अवसरहरूको खोजी गर्ने,
- पर्यटन प्रवर्द्धनमा प्रमुख भूमिका भएको स्थानीय निजी क्षेत्र र समुदायलाई समेत परिचालन गर्नु पर्ने हुँदा कार्यपालिकाभित्र प्रभावशाली समिति बनाई सशक्त ढङ्गबाट संयोजनात्मक पद्धति निर्माण गर्ने,
- नगरपालिकाले एक जना अधिकृतको पद सिर्जना गरी निजलाई पूर्णरुपमा पर्यटन प्रवर्द्धनका काममा संलग्न गराउने ।

## ७.२.१२ पर्यटन बिकास गुरुयोजना तर्जुमा

वित्तीय स्रोतसाधनको उपलब्धताको तुलनामा गर्नुपर्ने कामको सूची जहाँ पनि र जहिले पनि लामो हुन्छ । त्यस्तो अवस्थामा एउटा व्यावहारिक योजना बनाई व्यवस्थित ढंगबाट काम गर्न सकियो भने मात्र निर्धारित समयभित्र निर्धारित विधि प्रयोग गरी निर्धारित बजेटको सीमामा रही निर्धारित गुणस्तरको काम गर्न–गराउन सकिन्छ । पर्यटकीय महत्वका क्षेत्रहरू(sectors)लाई उद्यमशीलताका माध्यमबाट स्थानीय जनताको आयआर्जनमा जोड्न सकियो भने मात्र पर्यटन क्षेत्रको दीगो विकास सम्भव हुन्छ ।

यस नगरपालिकाको आ व २०७५/७६ देखि नै प्रत्येक वर्षका वार्षिक नीति, योजना, कार्यक्रममा पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन लक्ष्यसहितको गुरुयोजना निर्माणको सोच बनाएको देखिन्छ । तर व्यवहारमा अहिलेसम्म पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना निर्माण भएको देखिएन ।

सबै चुनौतीहरूलाई व्यवस्थित गर्न र पर्यटनको दीर्घकालीन विकासका लागि सर्वप्रथम स्थानीय सरकारको दृष्टिकोण स्पष्ट हुनु पर्छ । यस्तो दृष्टिकोण सबैले अनभूत गर्न सक्ने गरी योजनामा प्रतिबिम्बित हुनु पर्दछ । गन्तब्य स्पष्ट भए मात्र कुनै दिशामा शुरु गरिएको यात्राको सार्थकता हुन्छ ।

स्थानीय सरकारहरूले स्पष्ट दीर्घकालीन दृष्टिकोणमा आधारित बैज्ञानिक ढङ्गको आवधिक पर्यटन बिकास योजना बनाउनु आवश्यक हुन्छ । यसो भएमा आवश्यक जनसाधनको उत्पादन र आपूर्ति, आर्थिक स्रोतसाधनको खोजी, उपयुक्त संख्यामा र उपयुक्त गुणस्तरका होटेल र रिसोर्टहरूको स्थापना, पर्यटनमैत्री भौतिक निर्माण, पर्यटक घुम्ने क्षेत्रमा पदमार्गको विकास, साइकल मार्गको निर्माण, स्थानीय वस्तु प्रयोग गरी टहराहरू निर्माण, पहाडी भेगको दृश्यावलोकनका लागि केबलकारको संचालन जस्ता काम स्पष्टतासाथ गर्न सकिन्छ ।

त्यस्तै अर्गानिक खाद्यवस्तुको उत्पादन, वातावरण र प्राकृतिक पाखापहराको संरक्षण, वनमा काठका साथसाथै फलफूलको पनि खेती, जंगलमा रैथाने जीवजन्तु र चराचुरुङ्गीको संरक्षण, उचाइ अनुसारका धरातलमा त्यही किसिमका फलफूलको खेती, जंगलको संरक्षणमा र पर्यटकीय स्थलको सरसफाइमा पर्यटकको सहभागिता सुनिश्चित गर्न सकिन्छ । अन्तर्राष्ट्रिय बजारमा व्यवस्थित तरिकाबाट प्रचारप्रसार गरी बढी खर्च गर्ने पर्यटक भित्र्याउन सकिन्छ ।

योजनाबद्ध ढंगबाट काम गरेमा दुर्लभ स्रोतसाधनको सदुपयोग हुने, पर्यटन क्षेत्रमा उद्यमशीलताको विकासका अतिरिक्त अन्य सहयोगी क्षेत्र-उपक्षेत्रहरूमा रोजगारीका अवसरहरूको सिर्जनाका माध्यमबाट लक्षित समूदायको आयआर्जनमा बृद्धि हुने, शिक्षित युवकयुवतीहरूले स्थानीय स्तरमा आफ्ना घरपरिवारसँगै बसेर सम्पन्न जीवनयापन गर्नसक्ने, स्थानीय कला-संस्कृतिको विकास हुने, वातावरण संरक्षण हुने आदि अनेकौं लाभ प्राप्त हुन्छन् ।

अतः दक्षिणकाली नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका अपार संभावनालाई महसुस गरी पर्यटन क्षेत्रको १०–१५ वर्षको दुरदृष्टि राखेर त्यसमध्ये आगामी ५ वर्ष अवधिको बिस्तृत पर्यटन बिकास योजना बनाउनु आवश्यक देखिन्छ । सबै राजनीतिक

दल र सरोकारवालाहरूको सहभागितामा निर्माण हुने त्यस्तो योजनामा सबैको अपनत्व हुने हुँदा योजनाका आधारमा कार्यक्रमहरू संचालन गरिएमा दीर्घकालमा स्थानीय जनता निश्चित रुपमा लाभान्वित हुनेछन् । छिमेकको कीर्तिपुर नगरपालिकाले २०७५।७६ देखि २०८०।८१ सम्मको पञ्चवर्षीय गुरुयोजना तयार गरिसकेको हुँदा त्यसबाट पनि केही ज्ञान प्राप्त गर्न सकिन्छ ।

## *ख) निजी क्षेत्रबाट गरिनुपर्ने कामहरू*

### ७.२.१३ होटेल, लज, रिसोर्ट, होमस्टेहरूको बिकास र व्यवस्थापन

नेपाल घुम्न आएका विदेशी पर्यटकहरू आर्थिक रुपले कति सम्पन्न देशका नागरिक हुन ? त्यहाँका जनताको औसत प्रतिव्यक्ति आय कति हुन्छ ? भ्रमणलाई उनीहरूले कति महत्व दिन्छन् ? यस उद्देश्यमा उनीहरू कतिसम्म खर्च गर्न सक्षम छन् ? नेपालमा उनीहरू प्रति दिन कतिसम्म खर्च गर्न चाहन्छन् ? उनीहरू के हेर्न चाहन्छन् ? के खान चाहन्छन् ? के मन पराउँछन्? के मन पराउँदैनन्? जस्ता प्रश्नहरूको उत्तर स्थानीय पर्यटन उद्यमीले खोज्नु जरुरी हुन्छ । अतः निजी क्षेत्रका लागि निम्नलिखित सुझावहरू दिइएको छ :

- भ्रमणमा आउने पर्यटकहरूलाई खानपिउन र बस्नका लागि नगरपालिका क्षेत्रभित्र गुणस्तरीय आधुनिक सुविधायुक्त, सुरक्षित, सफासुग्घर रेष्टुराँ, होटेल, लज र रिसोर्टहरूको बिकास गर्ने,
- ती स्थानमा सुविधासम्पन्न आवास, स्वस्थकर खानपीन, स्वस्थ मनोरंजनका साधनहरूको उपलब्धता सुनिश्चित गर्ने,
- पर्यटन प्रवर्द्धनको सोचका साथ होटेल, रिसोर्टहरूको बिकास गर्दा स्थानीय पर्यावरणमा कुनै प्रकारको पनि नकारात्मक चाप पर्न नदिने,
- समयको माग अनुसार योग्य, शिक्षित, सक्षम जनशक्तिको विकासमा ध्यान दिने ।

### ७.२.१४ उपलब्ध सेवासुविधाको ब्रान्डिङ

पर्यटनलाई एउटा उद्यमका रूपमा विकास गर्न व्यावसायिक सोचको आवश्यकता पर्दछ । आफ्ना क्षेत्रमा उत्पादित वस्तुहरू र उपलब्ध सेवासुविधाहरूलाई व्यावसायिक पहिचान दिनका लागि ब्रान्ड बनाउनु जरुरी हुन्छ । ब्रान्डबाटै वस्तु र सेवासुविधाको प्रचारप्रसार

हुने गर्दछ । तिनको गुणस्तरको निरन्तर अनुगमन गरेर पर्यटन बजारमा विश्वसनीयता कायम राख्न सकिन्छ ।

अहिलेको अवस्थामा दक्षिणकालीमा आफ्ना कुन उत्पादन राम्रा छन्, कहाँका पर्यटकले तिनमा रुचि राख्लान्, कसरी तिनको बजार व्यवस्थापन गर्ने जस्ता कुरामा स्पष्टताका साथ सोच राखेको पाइएन । त्यसैले, विशेष गरी स्थानीय प्राकृतिक सौन्दर्य, स्थानीय खाना, स्थानीय फलफूल, स्थानीय मौलिक पेयपदार्थको ब्रान्डि**ङ** हुनु जरुरीछ ।

## *ग) समूदाय स्तरबाट गरिनुपर्ने कामहरू*

पर्यटन उद्यमको सफलताका लागि सबै सरोकारवालाहरूबीच चासो र चिन्तन बढाएर व्यापक सामुदायिक सहभागिता अभिवृद्धिका उपायहरू लागु गरिनुपर्दछ । विशेष गरी वडामा संगठित भएका गैर सरकारी संस्थाहरू, क्लबहरू, महिला समूहहरू, सहकारीहरू, निजीक्षेत्रका सङ्घ-सङ्गठनहरू तथा स्थानीय विकासमा कार्यरत स्थानीय समितिहरूको भूमिका प्रभावकारी हुने हुँदा तिनीहरूलाई यथासक्य परिचालन गरी समुदाय स्तरमा आयोजन गर्न सकिने पर्यटनसम्बन्धी जनचेतना अभिवृद्धिका निम्नबमोजिमका व्यावहारिक कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने सिफारिश गरिएको छ :

### ७.२.१५ चेतना अभिबृद्धि

स्थानीय जनतामा पर्यटन र त्यसबाट समूदायले पाउने लाभका बारेमा यथेष्ठ चेतना नजागेसम्म अरुले बाहिरबाट आई गरिदिएर मात्र सफलता हासिल हुँदैन । त्यसैले स्थानीय स्तरमा आम नागरिक, विद्यार्थी, अभिभावक, राजनीतिक कार्यकर्ता, व्यवसायीहरूमा जागरुकता बढाउने काममा सामूदायिक संघसंस्थालाई परिचालन गरियो भने प्रभावकारी हुन्छ । स्थानीय स्तरमा गठन भई सामाजिक कार्य गरिरहेका युवाहरूका, महिलाहरूका संस्थाहरूलाई केही आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराइदिएमा कम खर्चिलो ढंगबाट चेतना अभिबृद्धिसम्बन्धी काम हुन सक्छ ।

### ७.२.१६ होमस्टे संचालन

होमस्टेका माध्यमबाट ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराएर उनीहरूको आयस्रोत वृद्धि गर्ने, स्थानीय स्तरमा स्वरोजगार विकास गर्ने, पर्यटकलाई आवास सुविधाका अतिरिक्त ग्रामीण जनजीवन, रीतिरिवाज, कला संस्कृति, रहनसहन र खानपीनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्दै पर्यटन क्षेत्रको प्रतिफल

ग्रामीण समुदायमा पुऱ्याउने उद्देश्यबाट निजीका अतिरिक्त सामुदायिक ग्रामीण होमस्टे कार्यक्रम सरकारले लागु गरेकाले सो कार्यक्रमबाट लाभान्वित हुन समूदायले तत्परता देखाउनुपर्ने ।

### ७.२.१७ सरसफाइ

पर्यटन प्रवर्द्धनमा सरसफाइको ठूलो महत्व हुन्छ । होटेल, लज, होमस्टेको प्राङ्गणमा मात्र सफाइ भएर पुग्दैन, वरिपरिका बाटाघाटा, सार्बजनिक स्थल, पार्क, चौर आदिको पनि सफाइ आवश्यक हुन्छ । सार्बजनिक स्थलमा शौचालयको व्यवस्थापनको मापनबाट त्यस क्षेत्रको समग्र सरसफाइको मूल्याङ्कन गर्न सकिन्छ ।

वडा नं ९ मा मात्र ७ वटा क्लब, ४२ वटा महिला समूह, ५ वटा सहकारी र ४ वटा सामूदायिक विद्यालय रहेका छन् । तिनीहरूसँग वडा कार्यालयले समन्वय गरी फोहरमैलाको उचित व्यवस्थापनमा तिनलाई परिचालित गर्न सकिन्छ ।

### ७.२.१८ विकृति नियन्त्रण र सुरक्षा

समूदायमा कुनै प्रकारका विकृतिहरू देखिए त्यसबाट पर्यटन प्रवर्द्धनमा नकारात्मक असर पर्दछ । विकृतिहरूको कडा नियन्त्रण र सुरक्षाको भरपर्दो प्रवन्ध हुनुपर्ने देखिन्छ । यस्ता काममा सरकारी निकायहरूले मात्र गरेको प्रयासभन्दा सरकार र समुदायको संयुक्त प्रयासमा गरिने कार्यक्रम बढी प्रभावकारी हुने हुँदा यसतर्फ ध्यान दिई तदनुकुलका कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनु पर्ने ।

### ७.२.१९ प्राचीन सम्पदाहरूको अतिक्रमणप्रति सजगता

बढ्दो शहरीकरण र भूमिको उच्च मूल्यवृद्धिका कारण प्राचीन सम्पदाहरूको अतिक्रमण तथा निजी स्वामित्व र निजी प्रयोगमा ल्याउने क्रियाकलाप नेपालका शहरी क्षेत्रहरूमा बढिरहेको सन्दर्भमा तिनलाई रोक्नमा समुदायको पहरेदारको भूमिका हुनु पर्ने । दक्षिणकाली नगरपालिका क्षेत्रभित्र पनि यस्ता घटना हुन नदिन समुदायले सजगता राख्नुपर्ने ।

### *घ) अन्य निकायहरूसँग सहकार्य*

नेपालको पर्यटन क्षेत्रको विकासमा मित्रराष्ट्रहरू र यहाँ कार्यरत अन्तर्राष्ट्रिय निकायहरूको पनि रुचि भएको पाइएको हुँदा त्यस्ता सम्भावनाहरूको खोजी गरी सहकार्यका अवसरहरूबाट लाभ लिने ।

## अनुसूची १ : अध्ययनको क्रममा सम्पर्क गरिएका महानुभावहरू

| नम | पद / ठेगाना |
|---|---|
| श्री मोहन बस्नेत | प्रमुख, दक्षिणकाली नगरपालिका |
| श्री बसन्ती डंगोल तामाङ | उपप्रमुख, दक्षिणकाली नगरपालिका |
| श्री भोलाप्रसाद चापागाई | प्रमुख कार्यकारी अधिकृत, नगरकार्यपालिकाको कार्यालय |
| श्री अमृका बलामी | वडा अध्यक्ष, वडा नं ९, दक्षिणकाली नगरपालिका । |
| श्री दिपककुमार केसी | योजना तथा प्रशासन शाखा प्रमुख, दक्षिणकाली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय |
| श्री राजु अधिकारी | नगरसभा सदस्य, एवं प्रबर्द्धक, सुगा पँधेरो होमस्टे, दक्षिणकाली नपा वडा नं. ९ |
| श्री नवराज अधिकारी | शिक्षक,कालीदेवी आधारभूत विद्यालय, दक्षिणकाली नपा ९ |
| श्री भरत केसी | शिक्षक,कालीदेवी आधारभूत विद्यालय, दक्षिणकाली नपा ९ |
| श्री सुरेश बस्नेत | प्रबर्द्धक एवं व्यवस्थापक, जोयसोर्स रिसोर्ट, लामागाउँ, दक्षिणकाली नपा ९ |
| श्री प्रह्लाद बस्नेत | समाजसेवी, दक्षिणकाली नपा |
| श्री सफल आचार्य | शाखा प्रबन्धक, एनआइसीएसिया बैंक लि, फर्पिङ |
| श्री चित्र श्रेष्ठ | शाखा प्रबन्धक, सनराइज बैंक लि, फर्पिङ |
| श्री उज्ज्वल खड्का | शाखा प्रबन्धक, सिद्धार्थ बैंक लि, फर्पिङ |
| श्री होमप्रसाद लुइँटेल | महानिर्देशक, पर्यटन बिभाग, काठमाडौं |
| श्री सचिन्द्र कुमार यादव | सिनियर डिभिजिनल इन्जिनियर, पर्यटन बिभाग, काठमाडौं |
| डा. धनन्जय रेग्मी | प्रमुख कार्यकारी अधिकृत, नेपाल पर्यटन बोर्ड, काठमाडौं |
| श्री उमेशराज सापकोटा | प्रबन्ध निर्देशक, प्रसिद्ध रिसोर्ट प्रालि, दक्षिणकाली नपा ५ |

| | |
|---|---|
| श्री रश्ना महर्जन | फ्रन्ट अफिस सुपरभाइजर, ड्र‍ाला रिसोर्ट नेपाल प्रालि, दक्षिणकाली नपा ५ |
| श्री दिल बहादुर ऐर | फ्रन्ट अफिस कर्मचारी, दक्षिणकाली एण्ड डोल्लु रिसोर्ट प्रालि, दक्षिणकाली नपा ५ |
| श्री क्रिश्चियन सिमोन सिमेलकिएर | व्यवस्थापक एवं प्रबर्द्धक, सलिड रक लज एण्ड रेस्टुरेन्ट, दक्षिणकाली नपा ५ |
| श्री बिराज कार्की | फूड एण्ड बेभरेज म्यानेजर, हात्तीवन हिमालयन हाइट रिसोर्ट, दक्षिणकाली नपा ५ |
| श्री नरेन साहुखल | अपरेशन्स म्यानेजर, छैमले रिसोर्ट, द पेर गार्डेन, राम्चे भन्ज्याङ, दक्षिणकाली नपा ८ |
| श्री धर्मराज दवाडी | STLRP/ नेपाल पर्यटन बोर्ड, काठमाडौं , |
| श्री उमेश तामाङ | डाँडखिल, दक्षिणकाली नपा ९ |
| श्री राजकुमार तामाङ | डाँडखिल, दक्षिणकाली नपा ९ |

**अनुसूची ३ :विगत २५ वर्षमा नेपाल आएका विदेशी पर्यटकहरूको वार्षिक संख्या**

| वर्ष | भारतीय (हवाइ मार्गबाट आएका मात्र) | अन्य देशका | जम्मा |
|---|---|---|---|
| १९९७ | १,३३,४३८ | २,८८,४१९ | ४,२१,८५७ |
| १९९८ | १,४३,२२९ | ३,२०,४५५ | ४,६३,६८४ |
| १९९९ | १,४०,६६१ | ३,५०,८४३ | ४,९१,५०४ |
| २००० | ९५,९१५ | ३,६७,७३१ | ४,६३,६४६ |
| २००१ | ६४,३२० | २,९६,९१७ | ३,६१,२३७ |
| २००२ | ६६,७७७ | २,०८,६९१ | २,७५,४६८ |
| २००३ | ८६,३६३ | २,५१,७६९ | ३,३८,१३२ |
| २००४ | ९०,३२६ | २,९४,९७१ | ३,८५,२९७ |
| २००५ | ९६,४३४ | २,७८,९६४ | ३,७५,३९८ |
| २००६ | ९३,७२२ | २,९०,२०४ | ३,८३,९२६ |
| २००७ | ९६,०१० | ४,३०,६९५ | ५,२६,७०५ |
| २००८ | ९१,१७७ | ४,०९,१०० | ५,००,२७७ |
| २००९ | ९३,८८४ | ४१,६,०७२ | ५,०९,९५६ |
| २०१० | १,२०,८९८ | ४,८१,९६९ | ६,०२,८६७ |
| २०११ | १,४९,५०४ | ५,८६,७११ | ७,३६,२१५ |
| २०१२ | १,६५,८१५ | ६,३७,२७७ | ८,०३,०९२ |
| २०१३ | १,८०,९७४ | ६,१६,६४२ | ७,९७,६१६ |

| | | | |
|---|---|---|---|
| २०१४ | १,३५,३४३ | ६,५४,७७५ | ७,९०,११८ |
| २०१५ | ७४,८१४ | ४,६४,१५६ | ५,३८,९७० |
| २०१६ | १,१८,२४९ | ६,३४,७५३ | ७,५३,००२ |
| २०१७ | १,६०,८३२ | ७,७९,३८६ | ९,४०,२१८ |
| २०१८ | १,९४,३२३ | ९,७८,७४९ | ११,७३,०७२ |
| २०१९ | २,५४,१५० | ९४३,०४१ | ११,९७,१९१ |
| २०२० | ४०,३३६ | १८९,७४९ | २,३०,०८५ |
| २०२१ | ६४,६७२ | ८६,२९० | १,५०,९६२ |

(स्रोत : *Nepal Tourism Statistics 2021*, Ministry of Culture, Tourism & Civil Aviation, May 2022)

## सन्दर्भ सामग्रीहरू


रायोआ (२०७७). *१५औं योजना (२०७६/७७ –२०८०/८१)* राष्ट्रिय योजना आयोग, काठमाडौं ।

संपनाउम (२०७३). *नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६–२०२५)* संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ।

संपनाउम (२०६७). *होमस्टे संचालन कार्यविधि, २०६७* संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ।

संपनाउम (२०६५). *पर्यटन नीति २०६५* संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ।


**CRT(2020). *Impact of COVID-19 on the Tourism Industry of Nepal (A Brief Diagnostic Survey)*, Centre for Research in Tourism, Kathmandu.**

**MoCTCA (2018). *Overland Indian Visitors Survey 2017*,Ministry of Culture, Tourism & Civil Aviation, Kathmandu.**

**MoCTCA (2022). *Nepal Tourism Statistics 2021*,Ministry of Culture, Tourism & Civil Aviation, Kathmandu.**

दक्षिणकाली नगरपालिकाका बिभिन्न वर्षका वार्षिक योजना तथा कार्यक्रम पुस्तिकाहरू ।





CRT

**सेन्टर फर रिसर्च इन टुरिजम**
**ज्ञानेश्वर, काठमाडौं**